मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

भर्ना सम्वन्धी सूचना
शैक्षिक बर्ष २०८१/०८२ सत्रमा सामान्य चिकित्सा (H.A.) ३ बर्षे कोर्षमा केहि सिट खाली रहेको हुँदा CTEVT बाट प्रवेश परिक्षा पास गर्नु भएका H.A., नर्सिङ्, फार्मेसी र निःशुल्क छात्रवृत्ति तर्फका प्ररिक्षार्थीहरूले भर्नाको लागि सम्पर्क गर्नुहोस् ।
सम्पर्क स्थान :
ईन्स्टिच्युट अँफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
सरहन्चिया कुट्टी देखि दक्षिण कर्मचारी संचयकोष नजिकै
फोन नं. : ०४१ ४२२६७९, ९८०७६७८७३७, ९८४६०७३३००

वर्ष २ • अंक २९४ • २०८१ साल भाद्र २६ गते बुधबार • Wednesday 11, September 2024 • सूर्योदय: बिहान ५:४८ बजे • सूर्यास्त: साँझ ६:१५ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## साहको प्रश्न, 'जनताले सरकारलाई कर किन तिर्ने ?'



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले जनताले सरकारलाई कर तिर्न नहुने बताएका छन् । प्रतिननिधिसभाको मंगलबारको बैठकमा बोल्दै सांसद साहले भने, 'जनताले सरकारलाई कर किन दिने ? मरिमरि आफूले दिएको कर बापत सरकारबाट जनताले के पाए ? म सरकारलाई सोध्न चाहन्छु ।

जनताले त विकास र आफ्नो सेवासुविधाको लागि कर तिर्ने हो, तर जनताले अहिले देशमा लुट र ब्रम्हलुट देखिरहेका छन् । विनाश पाइरहेका छन् । दूध नदिने गाई अहिलेसम्म कसैले पालेको हामीले देखेका छैनौं ।

नेपाली जनताले दूध नदिने गाई किन पाल्ने ? हामी हेरिरहेका छौं कि सरकारका मातहतमा रहेका उद्योगहरु घाटामा छन् । सरकारी उद्योगहरु घाटामा छन् कि त बन्द भएका छन् ? जसले उद्योग चलाईरहेको छ, त्यसले सम्मान पाउनुपर्ने हो कि उल्टै दण्ड भोग्नुपर्ने ?'

सांसद साहले सरकारको उद्योग बन्द हुने र घाटा हुने तर निजी उद्योगहरुले कर तिर्नुपरेको सुनाए । उनले भने,'कुन नैतिकताले सरकारले ती निजी उद्योगसँग कर लिन मिल्छ ? सरकारका मातहतमा रहेका संस्थान र केन्द्रहरु घाटामा हुने ? तर निजी उद्योगहरुले कर तिर्नुपर्ने ? सरकारले के नैतिकताको आधारमा अरुसँग कर लिन मिल्छ ? नेपाल एयरलायन्स घाटामा हुने, त्यो पनि सामान्य नभएर अरबौं घाटामा भएको छ । अनि निजी एयरलाईन्सहरुले कर तिर्नुपर्ने ? सरकारले कुन नैतिकताको आधारमा कर लिन्छ ?हामी सोध्न चाहन्छु ।'

उनले सरकारी अस्पतालहरुको हालतबारे पनि सरकारको ध्यानाकर्षण गराए । निजी अस्पतालहरुले राम्रो गरेको र नाफा आर्जन गरेको उनको भनाई छ । उनले जनताले ५० भन्दा बढि किसिमका कर तिर्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताए । उनले नेपालमा महँगीपनि दिनानुदिन बढिरहेको र आफ्ना उत्पादनपनि महँगो रहेको बताए । यही कारण नेपाली उत्पादनले विदेशमा स्थान नपाएको उनको दाबी छ । उनले देशको अर्थतन्त्र धराशयी बनाउने कर प्रणाली आफूहरुलाई नचाहिएको टिप्पणी गरे । उनले देशमा विद्यमान आयात र निर्यातको असन्तुलन (ग्याप) भनेको नै नेपालमा भएको कर व्यवस्था भएको दाबी गरे ।

उनले भने,'अनावश्यक कर थुपारेर हाम्रो उत्पादन महँगो बनाउने काम भयो । त्यो महँगोको कारण उद्योग तथा धन्दाहरु उठ्नै नसक्ने, सबै धराशयी हुने । मान्छेलाई कर तिर्न रुवाउने र तड्पाउने काम गर्यो । तर, सरकारले आफ्नो दायित्व केही पनि पूरा गरेन । राज्यसँग यत्रो प्राकृतिक स्रोत र साधन अनि आम्दानीको स्रोत हुँदाहुँदै पनि राज्य नै उल्टो घाटामा हुने परिपाटीको अन्त्य हुनुपर्ने साहको भनाई छ । उनले जनतालाई रुवाईरुवाई कर तिर्न लगाउने सरकारको आलोचना गरे । उनले भने, 'सरकारको व्यापार घाटामा छ भने जनताको पनि त्यही हालत होला नि । जनतापनि घाटामा छन् । अनि ती जनतालाई रुवाई रुवाई कर तिर्न लगाउने ? अनि मोजको संसार बसाउने काम गर्ने ? जनतालाई लुटेर बर्बाद गर्ने जुन स्थिति छ, त्यसलाई अन्त्य गर्न मेरो विचारमा सरकारलाई जुन नानाभाती कर (दुनियाँमा नभएका) कर छन्, ती कर हटाईनुपर्छ । ती हटाईएन भने अर्थतन्त्रलाई सुधार गर्न सकिँदैन । सरकारले अनावश्यक कर हटाएन भने जनता अब कर तिर्न बाध्य हुने छैनन् ।'

# उपलब्ध जनशक्तिमा अधिकतम सेवा दिन स्वास्थ्यमन्त्रीको आग्रह

**अफरोज अर्पण**
**वीरगंज ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले राज्यको आर्थिक अवस्था हेर्दा कुनै पनि अस्पतालमा जनशक्ति थप्नसक्ने स्थितिमा नरहेको बताएका छन् । नारायणी अस्पतालमा स्थापना भएको ओंकोलोजी वार्ड उद्घाटन गर्न मंगलबार वीरगंज आएका मन्त्री पौडेलले उपलब्ध पूर्वाधार, उपकरण र जनशक्तिको अधिकत्म प्रयोग गरेर प्रभावकारी सेवा दिन स्वास्थ्यकर्मीहरुलाई आग्रह गरे ।



नेपालका डाक्टर, स्वास्थ्यकर्मी विदेश गइरहेका बेला थोरै स्वास्थ्यकर्मीले मातृभूमिको सेवा गर्न, समाजमा केही योग्दान पुर्याउन अहिले पनि सरकारी अस्पतालमा दिनरात काम गरिरहेको अवस्थाबारे आफू जानकार रहेको बताउँदै जनतामा सरकारी अस्पताल तथा त्यहाँका डाक्टर तथा स्वास्थ्यकर्मीप्रति रहेको नकारात्मक धारणालाई सेवा र त्यागभावले काम गरी जनताको विश्वास जित्न आग्रह गरे । उनले भने, 'म यहाँ निर्देशन दिन आएको होइन, अस्पतालमा उपलब्ध साधन स्रोधको अधिकतम उपयोग गरेर गुणस्तर सेवा दिनुस्, सरकारी अस्पताल र डाक्टरप्रतिको गलत धारणा चिर्ने गरी काम गर्नुस्, बिरामीले डाक्टरसामु श्रद्धाले झुक्ने गरी काम गर्नुस्, मेरो आग्रह छ, तपाईंहरुमा जुन क्षमता छ, त्यो ममा छैन । तपाईंहरु यो राष्ट्र र समाजका लागि विशेष योगदान दिइरहनु भएको छ ।'

सम्बोधनक्रममा उनले नारायणी अस्पतालको सरसफाइमा ध्यान दिन, अनलाइनबाट टिकट काट्न, बेडको अवस्था, बिरामीको शल्यक्रियाबारे जानकारी, डाक्टरको कार्यसूची यी सबै जानकारी एकसाथ एकैठाउँबाट पाउने गरी प्रविधिको विकास गर्न जोड दिए । उनले अस्पताल प्रशासकको हेलचेक्m याइँ र व्यवस्थापकीय कमजोरीमाथि प्रश्न उठाउँदै एउटै डाक्टरले निजीमा राम्रो सेवा दिने तर सरकारीमा लापरबाही गर्ने अवस्था अन्त्य गर्न निर्देशन दिए ।

मन्त्री पौडेलले अस्पतालमा करारमा कर्मचारी राख्दा चिनजान र भनसुनका आधारमा नभएर क्षमताको मूल्याङ्कन र अन्तर्वार्ता गरेर राख्ने प्रणाली विकास गर्न र अस्पताल विकास समितिको आम्दानी सार्वजनिक गर्न सुझाव दिए ।

स्वास्थ्य मन्त्रालयले ७ वटै प्रदेशका कुनै एक सरकारी अस्पताललाई पूर्ण जनशक्तिको व्यवस्थापन गरेर त्यहाँबाट प्रभावकारी र गुणस्तरीय सेवा दिने योजना बनाएको मन्त्री पौडेलले जानकारी दिए । सोही योजनाअनुरुप मधेश प्रदेशको नारायणी अस्पताललाई पूर्ण सेवासुविधा, उपकरण र जनशक्ति व्यवस्थापन गरिने बताए । उनले अहिले अस्पतालमा दुई सिफ्टमा सेवाप्रवाहलाई अगाडि बढाइएको बताउँदै यसबाट सेवाग्राही लाभान्वित हुने दाबी गरे ।

स्वास्थ्यमन्त्री पौडेलले जनताको पीडामा लोकतन्त्र फस्टाउन नसक्ने र नेता भनेका मठाधीश जस्तो तामझामका साथ आउने, जनतालाई केही नहुने अवस्थाले सर्वसाधारणमा निरासा छाएको बताउँदै स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार गर्न उपचार सेवामा १ लाखको होइन ५ लाखको बीमा गर्ने व्यवस्थामा स्वास्थ्य मन्त्रालय जुटिरहेको बताए । मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रमा स्थानीय, प्रदेश र संघीय सरकारले खर्च गर्ने रकम एकीकृत गरी एकद्वार प्रणालीबाट बीमा कोष बढाउन सकिने धारणा राख्दै कर्मचारी, निजी क्षेत्रका संघसंस्था, उद्योगमा कार्यरत व्यक्ति, ज्येष्ठ नागरिक सबैको योगदान भए बीमा कोष सञ्चालन हुनसक्ने बताए ।

कार्यक्रममा प्रदेश सभा सदस्य श्याम पटेलले नारायणी अस्पतालको नयाँ भवन निर्माण हुन नसक्दा समस्या भएको बताए । कार्यक्रममा मधेश प्रदेश सभा सदस्य श्याम पटेलले नारायणी अस्पतालको सेवा निजी अस्पताल भन्दा पनि गुणस्तरीय रहेको दाबी गर्दै क्यान्सर उपचार सेवालाई निरन्तरता दिन आग्रह गरे ।

## क्यान्सरको उपचार गर्न ओंकोलोजी वार्ड

वीरगंजको नारायणी अस्पतालमा क्यान्सर बिरामीको उपचार गर्न ओंकोलोजी वार्ड स्थापना भएको छ । नारायणी र भक्तपुर क्यान्सर अस्पतालबीच विस्तारित क्यान्सर उपचार सेवा उद्घाटन गर्दै स्वास्थ्यमन्त्री प्रदीप पौडेलले सरकारले नारायणी अस्पतालमा मंगलबारबाट ५ शैय्याको क्यान्सर उपचार सेवा प्रारम्भ गरेको बताए । उनले नारायणीमा क्यान्सरको शल्याक्रियासमेतको उपचार सेवासहित अंग प्रत्यारोपणको उपचार सेवा र मुटुको शल्यक्रिया उपचार सेवा विस्तार गरिने बताए ।

कार्यक्रममा मन्त्री पौडेलको उपस्थितिमा भक्तपुर क्यान्सर अस्पतालका निमित्त कार्यकारी निर्देशक डा.उज्ज्वल चालिसे र नारायणीका मेडिकल सुपरिटेन्डेन्ट डा. एमानुल हकबीच अस्पतालमा क्यान्सर उपचार सेवा सञ्चालन गर्ने सम्बन्धमा भएको सम्झौतामा हस्ताक्षर भएको थियो । सम्झौतापछि कार्यक्रममा बोल्दै निमित्त कार्यकारी निर्देशक डा. चालिसेले अब नारायणी अस्पतालबाट क्यान्सरको स्क्रिनिङ, फलोअप, डाइनोसिसलगायतका सेवा सञ्चालन हुने र किमोथेरोपीलगायतका सेवा आगामी दिनमा विस्तार गरिने बताए । नारायणी अस्पतालमा मंगलबारदेखि अनलाइन टिकट काट्ने प्रणाली शुरुवात भएको छ ।









# मालपोतको समस्याबारे भूमिमन्त्रीको ध्यानाकर्षण

**मन्त्री बलराम अधिकारीले पर्सा मालपोतका हाकिम डमरु निरौलाको चाँडै सरुवा गरिने आस्वासन दिएका छन् ।**



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले पर्साबाट गएको टोलीले पर्सा मालपोतमा बढ्दो भ्रष्टाचार, अनियमिततासम्बन्धमा भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारीसँग भेट गरी ध्यानाकर्षण गराएको छ ।
टोलीले मालपोत कार्यालय पर्सामा दरबन्दीअनुसार कर्मचारी नहुनु, कार्यालय प्रमुखले कार्यालयमा सेवाग्राहीको सेवा सुलभ र सरल नगर्नु, कार्यालय प्रमुख आफैँ कार्यालयमा नबस्ने, मुद्दाको छिनोफानो नगर्ने, घुसखोरीलाई नियन्त्रण गर्न नसकेको, कार्यालय भवन जीर्ण भएर भत्किँदै गइरहेको लगायत समस्याको
अवगत गराइएको नेकपा एमाले पर्साका सचिव महेश दासले बताए ।
उत्पन्न समस्या समाधानका लागि मन्त्री अधिकारीले तत्काल पहल गर्ने बताउँदै कार्यालय प्रमुखलाई चाँडै सरुवा गर्ने तथा वीरगंज आएर स्थलगत अनुगमन गर्ने बताएको नेता साहले बताए ।
भेटमा नेकपा एमालेका केन्द्रीय सदस्य प्रभु हजारा, निर्मला देवकोटा, पर्सा जिल्ला अध्यक्ष डा. विशम्भर कुमार शर्मा र सचिव महेश दाससहितको टोलीले पर्साको पोखरियामा इलाका प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय स्थापनाका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई ध्यानाकर्षण गराई अनुरोध गरेलगत्तै प्रधानमन्त्रीले गृहमन्त्री रमेश लेखक र भूमि व्यवस्था तथा सहकारी मन्त्री बलराम अधिकारीलाई चाँडै स्थापना गर्न निर्देशन दिएको नेता दासले बताए ।

## कार्यालय प्रमुख निरौला काठमाडौंमा



पर्सा मालपोत कार्यालयका प्रमुख डमरु निरौला पनि काठमाडौं गएका छन् । पर्सा मालपोतको बदमासी प्रकरणमा मधेशदृष्टि दैनिकसँगै टिभी वीरगंज र रेडियो वीरगंजले लगातार समाचार प्रसार गरेपछि अत्तालिएका प्रमुख निरौला काठमाडौंमा दौडधूपमा लागेका हुन् ।
मंगलबार मधेशदृष्टि दैनिकले निरौलासँग सम्पर्क गर्न खोज्दा पर्सा मालपोत प्रमुखको फोन नम्बर प्रशासन शाखाका कर्मचारी रामरेखा चौरसियाले उठाएका थिए । 'मोबाइल सधैँ तपाईंले बोक्ने हो कि ?' मधेशदृष्टिको सम्पर्कमा आएका कर्मचारीले भने, 'हाकिमसाबकै फोन हो, उहाँ काठमाडौं जानु भएकाले मसँग छ, प्रशासनमा रहेका हामीहरु पालैपालो मोबाइल बोक्छौँ ।'
काठमाडौं आएका प्रमुख निरौला आफ्नाबारे आएका समाचार ढाकछोप गर्न शक्तिकेन्द्र धाइरहेको बुझिएको छ । उनले पर्सा प्रशासनलाई टिभी वीरगंज, रेडियो वीरगंज र मधेशदृष्टिका कार्यकारी अध्यक्ष ध्रुव साहलाई मुद्दा दर्ता गर्न दबाब दिएका थिए । सबै कर्मचारी उचालेर असुरक्षाका नाममा आन्दोलन र काम ठप्प पार्ने चेतावनी दिएका थिए । केही नेताहरुलाई दलालको संज्ञा दिँदै प्रचारबाजी गरेका थिए । टिभी वीरगंजको समाचारबारे प्रेस काउन्सिललाई उजुरी गरेका थिए । अनेक हत्कण्डा अपनाउदा पनि उनलाई जोगाउन कस्सिएकाहरुको जोड नचलेपछि उनी कार्यालय प्रमुखको मोबाइल छाडेर काठमाडौं हानिएको पाइएको छ ।

## मालपोतमा पुरानो मितिमा कित्ताकाट


छिपहरमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश (नेपाल)
पत्र सं. २०८१।०८२
मिति : २०८१।०५।१७
श्री मालपोत कार्यालय
पर्सा, बिरगंज ।
विषय- घरबाटो सिफारिस सम्बन्धमा ।

| जिल्ला | गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| पर्सा | सम्भौता | ४ | ११३-०/७२ | ३३८ | ०.०३३५ |

लिलावती
लिलावती देवी कानु
उपाध्यक्ष

**मधेशदृष्टि**
**वीरगंज ।**
छिपहरमाई गाउँपालिकाकी उपाध्यक्ष लिलावती देवी कानुले आफ्नो क्षेत्राधिकार मिचेर घरबाटो सिफारिस गरेको वडाध्यक्षहरुले गुनासो गरेका छन् । गाउँपालिकाको वडा नम्बर २ का वडाध्यक्ष महेन्द्र साह कलवारले आफ्नो वडाको दुई जना नाबालिगका नाममा रहेको करिब ५ कठ्ठा जग्गा संरक्षक रहेकी उनीहरुको आमा रेन्जु देवीले बदनियत राखेर बेच्न खोजेको बुझेर आफूले सिफारिस नगर्दा गाउँपालिकाकी उपाध्यक्षले आफ्नो क्षेत्राधिकार मिचेर सिफारिस गरिदिएको बताए ।
वडाध्यक्ष कलवारका अनुसार, घरबाटो सिफारिस भएपछि मालपोत कार्यालय, पर्साबाट कित्ताकाट रोकिएको समयमा पुरानो मिति राखेर कित्ताकाट गरी जग्गा पास गरिएको हो ।
'कित्ताकाट खुलेको बेला साउन २९ गतेको मिति राखेर भदौ २४ गते नै कित्ताकाट गरिएको र सोही दिन नै जग्गा पास गरिएको छ,' उनले भने, 'नाबालिगका नाममा रहेको जग्गा बेच्न उहाँहरुले हतार गर्नुभयो ।'
उनले आफू मालपोतमा गएर बुझ्दा त्यहाँका कर्मचारीले जबाफ दिनबाट पन्छिएको र आफूहरुबाट गल्ती भएको स्वीकार गरेको उनको भनाइ छ । 'कित्ताकाट र रजिस्टे«सनमा सही गर्ने कर्मचारीहरुले वडाध्यक्षको क्षेत्र अधिकारबारे बुझेर पनि सेटिङमा यस्तो गरेका छन्,' उनले भने, 'वडाको अध्यक्ष छु, गाउँसमाजमा के भइरहेको छ, त्यो मलाई थाहा छ तर कसैको प्रभावमा परेर नाबालिगहरुको जग्गा बेच्नु उचित होइन । उहाँहरुले गलत नियत राखेर काम गर्नुभएको छ ।'
यता, गाउँपालिकाकी उपाध्यक्ष लिलावती देवी कानुका श्रीमान् किशोरी साह कानुले वडाध्यक्षले घरबाटो सिफारिस गर्न आलटाल गरेकाले उपाध्यक्षले सिफारिस गरिदिएको बताए । उनले भने, 'वडाध्यक्षले सिफारिस गर्न महिनौँदेखि झुलाउनु भयो, उहाँहरुले उपाध्यक्षसँग आफ्नो समस्या राख्नु भयो । बाँकी जग्गा बेच्नु नबेच्नुबारे हामीलाई केही जानकारी छैन, हाम्रो सरोकारको पनि विषय होइन ।

## मधेशमा माओवादी केन्द्रको परामर्श बैठक




**मधेशदृष्टि**
**महात्तरी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मधेश प्रदेशको परामर्श बैठक महोत्तरीको बर्दिबासमा शुरु भएको छ । दुई दिनसम्म जारी रहने बैठकमा पार्टीका केन्द्रीय पदाधिकारीका साथै मधेश प्रदेशमा कार्यरत केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीहरु सहभागी छन् । बैठकको प्रारम्भमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीलाई सुदृढ र एकताबद्ध बनाउनुको विकल्प नभएको बताए । उनले रुपान्तरण सम्भव भएको र त्यसको विकल्प नभएको बताए । 'माओवादी कमजोर हुँदा परिवर्तनका मुद्दा उल्टिन्छ्न, संविधानमाथि हमला हुन्छ', उनले भने, 'परिवर्तनलाई जोगाउन पनि हामी सुदृढ एकतासहित अघि बढ्नुको विकल्प छैन ।' उनले अब सम्पूर्णरुपमा पार्टी पुनर्गठन र जनपरिचालनका कार्यक्रमसहित अघि बढ्ने बताए ।
माओवादी केन्द्रले बागमती, उपत्यका विशेष प्रदेश, सम्पर्क समन्वय प्रदेश, गण्डकी, सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र कोशी प्रदेश तथा केन्द्रीय अनुशासन आयोग, निर्वाचन आयोग र लेखा आयोगको परामर्श बैठक सम्पन्न गरिसकेको छ ।
उता, सिरहाको मिर्चैयामा नेता तथा कार्यकर्ता भेटघाटमा अध्यक्ष प्रचण्डले संविधानको रक्षा र कार्यान्वयनमा जनताको साथ र खबरदारी आवश्यक रहेको बताएका छन् । मंगलबार बिहान कार्यकर्तालाई सम्बोधन गर्दै उनले जनताको संघर्षका बलमा जारी भएको संविधानको रक्षा र कार्यान्वयनमा निरन्तर खबरदारी गर्नु जनताको दायित्व भएको बताएका हुन् । २०७० सालको निर्वाचनमा आफूलाई निर्वाचित गराएर सिराहाको जनप्रतिनिधिको रुपमा संविधान निर्माण र कार्यान्वयनमा योगदान गर्ने अवसर दिएकोमा सिराहाका जनतालाई धन्यवाद दिँदै उनले अब संविधानको रक्षा र कार्यान्वयनमा पनि जनताको निरन्तर साथ सहयोग आवश्यक हुने बताए । संविधान जारी भएपछि मधेशका जनतालाई पनि विश्वासमा लिएर आफूले संविधान कार्यान्वयन गर्ने महत्वपूर्ण जिम्मेवारी पूरा गरेको स्मरण गर्दै उनले संविधानले उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्न अत्यधिक प्रयत्न गरेको पनि बताए । अध्यक्ष प्रचण्डले पछिल्लो समय संविधानले स्थापित गरेका जनताका अधिकार कुण्ठित गर्ने चेष्टा भइरहेको उल्लेख गर्दै त्यसका विरुद्ध सबै जनताले र अझ बढी उत्पीडित समुदायले खबरदारी गर्नुपर्ने बताए । पार्टी प्रतिपक्षमा रहँदा पनि जनताका एजेण्डालाई निरन्तर अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले जनताका दैनिक जीवनका समस्यादेखि संविधानको रक्षा र कार्यान्वयनसम्मका एजेण्डामा पार्टी जनतासँगै एकाकार भएर अघि बढ्ने बताए ।

## मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दृष्टि विशेषज्ञहरुले आफूहरुले राखेको मागप्रति प्रदेश सरकार गम्भीर नरहेको भन्दै मुख्यमन्त्री कार्यालयअगाडि विरोध प्रदर्शन गरेका छन । मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगले दृष्टि विशेषज्ञका लागि लिएको परीक्षाको हालसम्म नतिजा ननिकालेको भन्दै दृष्टि विशेषज्ञ संघ नेपाल मधेशले मंगलबार जानकी मन्दिरबाट मुखमा मास्क र कालोपट्टि बाँधेर विरोध प्रदर्शन गरे ।
मधेश प्रदेशका अध्यक्ष डा.रविशंकर चौधरीले आफूहरुले समस्या राख्दासमेत सरकार गम्भीर नभएको भन्दै विरोध प्रदर्शन गर्नुपरेको बताए । उनले सरकारले आफूहरुको विरोध प्रदर्शनलाई गम्भीरतापूर्वक नलिए अझ सशक्त आन्दोलन गरिने चेतावनीसमेत दिए ।
प्रदेश लोकसेवा आयोग मधेश प्रदेशले आर्थिक वर्ष २०८१–८२ को पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिकामा राप प्रथम तथा द्वितीय श्रेणी प्राविधिक–अप्राविधिकअन्र्तगत अधिकृत सातौँ आठौँ तहमा २५ देखि ५० शैय्याको अस्पतालमा दृष्टि विशेषज्ञको समयोजन गर्नुपर्ने, आर्थिक वर्ष २०८०–८१ मा स्वास्थ्य निर्देशनालय सपहीद्वारा सातौँ तहमा प्रादेशिक अस्पताल अन्तर्गत दर्ता शुल्कसहित ६ वटा दरबन्दी खुलाइएको थियो । यस क्रममा लिखित परीक्षा लिएर पनि नतिजा प्रकाशन नगरेको भन्दै मधेश प्रदेश सरकारको विरोधमा विशेषज्ञहरुले विरोध प्रदर्शन गरेका हुन् ।मधेश प्रदेश सरकारमातहत सरोकारवाला निकायले परीक्षा लिए पनि हालसम्म नतिजा प्रकाशन नगरेको भन्दै मधेश प्रदेश सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले विरोध प्रदर्शन गरेको संघका मधेश प्रदेश अध्यक्ष डा.चौधरीले जानकारी दिए ।

## जसपा नेपालको नेतृत्व चयनविरुद्ध आयोगमा उजुरी

**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालको हालै सम्पन्न महाधिवेशनबाट चयन भएको नयाँ कार्यसमिति बदरको माग गर्दै निर्वाचन आयोगमा उजुरी परेको छ । पार्टीको महाधिवेशनमा महासचिव पदका उम्मेदवार लुम्बिनी प्रदेशका अध्यक्ष अशोक यादवले मंगलबार निर्वाचन आयोगमा निवेदन दिंदै विधान तथा निर्देशिका विपरीत काम भएको भन्दै त्यसलाई बदर र छानबिन गर्न माग गरेका हुन् ।
२८ देखि ३० जेठसम्म जनकपुरमा भएको जसपा नेपालको महाधिवेशनबाट कार्यसमितिमा कम्तीमा एक तिहाइ महिला र नेपालको विविधतालाई प्रतिविम्वित हुने गरी आदिवासी, जनजाति, मधेशी, खस क्षेत्री र ब्राह्मण समूह, थारु, दलित, मुस्लिम, अपाङ्गता भएका र अल्पसख्यक समुदायका जातीय÷सामाजिक समूहहरुवाट ७० प्रतिशत र खुल्ला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्यहरु (पदाधिकारी बाहेक) निर्वाचित गर्नुपर्नेमा नगरिएको भन्दै बदर माग गरिएको हो। त्यस्तै निर्वाचनबाट ४० प्रतिशत युवा केन्द्रीय समितिमा निर्वाचित हुनुपर्नेमा त्यो पनि नभएको उजुरीमा उल्लेख गरिएको छ ।
पार्टीको विधानको धारा ८५(२) तोकिए बमोजिमको योग्यता नभएका, पार्टीमा आवद्ध भएको १ वर्ष पनि पूरा नभएका रामकुमार शर्मालाई महासचिव पदमा, बाँके जिल्ला अध्यक्ष मोहमद कमरुदिन राईलाई सचिव पदमा, पार्टीको सदस्य मात्र भएकी सुरिता साहलाई कोषाध्यक्ष पदमा निर्वाचित गर्नु विधान विपरित भएको दाबी गरिएको छ । त्यसैगरी केन्द्रीय सदस्यमा विधानको धारा ८(३) विपरीत धरान उपमहानगरपालिका सदस्य मात्र रहेका ताजुब लिम्बु लगायत धेरैलाई केन्द्रीय सदस्यमा चयन गरेको पनि उजुरीमा उल्लेख छ । पार्टी अध्यक्षले उम्मेदवारीसमेत दर्ता नगराएकालाई केन्द्रीय सदस्यमा चयन गरेको पनि उजुरीमा उल्लेख छ ।
१० भदौमा केन्द्रीय अध्यक्ष यादवले पदाधिकारी, कार्यकारी भूमिका हुने विभिन्न निकाय प्रमुख र सदस्य चयन गरेकामा सम्पूर्ण काम कारवाही बदर गरी पार्टीको विधान र निर्देशिका अनुसार पदाधिकारी, कार्यकारणी र केन्द्रिय सदस्यको चयन गर्न निवेदनमा माग गरिएको छ ।

## पर्यापर्यटन र जैविक विविधता संरक्षण गर्छुः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा पर्ने कोशीटप्पु वन्यजन्तु आरक्षमा पर्यापर्यटनसँगै जैविक विविधता संरक्षणका विषयमा मुख्यमन्त्री सतिशकुमार सिंहसँग आरक्षका वार्डेन, राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका पदाधिकारीहरूले मंगलबार छलफल गरेका छन् ।
जनकपुरधामस्थित मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्यमन्त्री सिंहलाई भेटेर कोशीटप्पु वन्यजन्तु आरक्ष तथा मध्यवर्ती क्षेत्रमा वन्यजन्तु उद्धार केन्द्र निर्माण, पर्यापर्यटन विकास एवम् जीविकोपार्जन सुधार व्यवस्थापनका विषयमा छलफल गरेका हुन् । आरक्षको वन्यजन्तु उद्धार केन्द्रमा चितवन राष्ट्रिय निकुञ्जबाट चार वर्षकी पुष्पा र तीन वर्षकी अञ्जली गरी दुईवटा एकसिंगे गैडा ल्याइएको छ । गत वर्ष असोजमा ल्याइएका दुवै गैँडाका लागि उद्धार केन्द्र वरपरको तीन हेक्टर क्षेत्रफलमा चरण क्षेत्र बनाइएको छ । त्रियुगा नदीको नजिकको यो ठाउँमा गैँडालाई पानी खुवाउने र आहाल खेल्न सक्ने व्यवस्था गरिएको छ । गैँडा चरणका लागि क्षेत्रफल थप गरी घाँसेमैदान विस्तार तथा विभिन्न प्रजातिअनुसार संरचना निर्माण आवश्यक रहेको कुरा संरक्षणकर्मीहरूले मुख्यमन्त्री सिंहलाई बताएका छन् ।
आरक्षमा खोरलगायत संरचात्मक कार्य भएपछि बाघ व्यवस्थापन हुन सक्ने र त्यसबाट गैँडासँगै बाघका लागि पनि टप्पु क्षेत्रमा जङ्गल सफारी आरम्भ भई त्यसक्षेत्रको पर्यापर्यटनले गति लिने मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष जङ्गबहादुर खडकाले बताए ।
नेपाल सरकारले आरक्ष वरपरका समुदायलाई संरक्षणमा प्रत्यक्ष सहभागी गराई तिनीहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले गत २०६१ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो । २०३२ सालमा स्थापना भएको नेपालको एकमात्र वन्यजन्तु आरक्ष रहेको कोशीटप्पु वन्यजन्तु आरक्षको १७५ किलोमिटर वर्गकिलोमिटरमा १७३ वर्ग किलोमिटर थप गरी मध्यवर्ती क्षेत्र घोषणा भएको हो । मध्यवर्ती क्षेत्रमा सुनसरी र उदयपुरसँगै मधेश प्रदेशको सप्तरी जिल्ला पनि छ । टुहुरा, असहाय, असशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्ने र उद्धार गरिएका वन्यजन्तुको पालनपोषण गरी प्राकृतिक बासस्थलमा छाड्नेलगायतका कामका लागि निर्माण गरिने उद्धार केन्द्रका लागि मधेश प्रदेश सरकारले चालू आर्थिक वर्षमा ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।
मुख्यमन्त्री सिंहले वनजीवहरूको संरक्षण र व्यवस्थापनका लागि प्रदेश सरकार गम्भीर रहेको भन्दै मध्यवर्ती क्षेत्रमा उद्धार केन्द्र निर्माण र पर्यापर्यटन विकासका लागि सरकारले हरसम्भव प्रयास गर्ने संरक्षणकर्मीहरूलाई आश्वासन दिएका छन् । मध्यवर्ती क्षेत्रमा वन्यजन्तुका प्रजातिअनुसार आवश्यक पर्ने भवन, उपचार गर्ने कोठा, इन्कलोजर, मचान, पोस्टमार्टम गर्ने कोठा, वन्यजन्तुका लागि पानी पोखरी, केन्द्र परिसर सुरक्षाका लागि पर्खाल र तारबारहरू लगायतका भौतिक संरचना निर्माणको अपेक्षा संरक्षणकर्मीहरूको छ । संरक्षणकर्मीहरूले स्थानीय बासिन्दाको जीविकोपार्जन सुधारका लागि माछापोखरी निर्माण, होमस्टे प्रवद्र्धन, राहतलगायतका सेवासुविधाको उपलब्धता कायम गरिनुपर्ने आग्रह गरेका छन् ।

## जनता जागरुक हुनुपर्छः यादव

**सुदूरपश्चिम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जनतालाई जागरुक नबनाएसम्म देशमा अपेक्षित परिवर्तन हुननसक्ने बताएका छन् । धनगढीमा आयोजित सङ्गठन सुदृढीकरण, पार्टी विस्तार तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रममा अध्यक्ष यादवले देशका बिकृति, विसङ्गतिविरुद्ध जनता जागरुक बनाउँदै परिवर्तनका पक्षमा जुट्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।
उनले भने, 'जनता सङ्गठित, सचेत र जागरुक भइसकेपछि मात्र बिसङ्गति, विकृतिविरुद्ध सङ्घर्ष गरेर परिवर्तन सम्भव हुनसक्छ ।' पूर्वउपप्रधानमन्त्रीसमेत रहेका यादवले भ्रष्टाचार, कमिसनतन्त्रजस्ता बेथिति बढ्दा दलित, थारु, मधेशी, आदिवासी जनजातिका समस्या समाधान हुन नसकेको उल्लेख गरे ।
कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य घनश्याम कुश्मी, केन्द्रीय अनुशासन विभागका सदस्य आरसी यादव, सुदूरपश्चिम प्रदेशका अध्यक्ष भगतराम थारु, उपाध्यक्षद्वय निर्मला रिजाल र गोविन्दराज रानाथारु, कैलाली जिल्ला अध्यक्ष गयाप्रसाद कुश्मीलगायतले पार्टी सङ्गठन सुदृढीकरणका विषयमा बोलेका थिए । पार्टीले सङ्गठन सुदृढीकरणका लागि 'जनतासँग जसपा नेपाल, गाउँगाउँमा जसपा नेपाल, घरघरमा जसपा नेपाल'नाम दिएर अभियान सञ्चालन गरिरहेको छ । रासस

# बेपत्ता माझीको शव फेला

**मधेशदृष्टि**
**रौतहट ।**
बकैया खोलाले बगाएर विगत चार दिनदेखि बेपत्ता भएका एकजनाको शव फेलापरेको छ ।

रौतहट चन्द्रपुर नगरपालिका–२ जुडिबेलाका ४२ वर्षीय अकले कुस्वार माझीको शव मंगलबार बिहान बाराको कोल्बी नगरपालिका–२ बकैया खोलाको बगरमा फेला परेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको टोलीले प्रादेशिक अस्पताल कलैया बारा पठाइएको मकवानपुर जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

मकवानपुरको बकैया गाउँपालिका–६ स्थित जसपालमा निर्माण भइरहेको द्रुत मार्गमा काम गर्दै आएका माझी बकैया–६ जुनाइस्थित खोला तर्ने क्रममा यही भदौ २१ गते अचानक खोलाको बाढीले बगाउँदा बेपत्ता भएका थिए । इलाका प्रहरी कार्यालय निजगढ बाराको समन्वयमा बेपत्ता माझीको खोजतलास गर्ने क्रममा मंगलबार खोला किनारमा शव फेलापरेको प्रहरी नायब उपरीक्षक भण्डारीले बताए ।

# ठोरीमा जंगली हात्ती आतंक

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जबाट आएको जंगली हात्तीले पर्साको ठोरीमा आतंक मच्चाएको छ । सोमबार राति ठोरी गाउँपालिका वडा नं २ इच्छानगरमा हातीले धानबाली नष्ट गरेको निर्मल ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बल बहादुर बस्नेतले बताए । हात्तीले कृष्णबहादुर ज्योती, राम माया प्रजा र आषिश तेलीको करिब एक बिघा धानबाली नष्ट गरेको अध्यक्ष बस्नेतले बताए ।

विगत एक साता देखि ठोरीको इच्छानगरमा हात्तीले धानबाली नष्ट गर्न थालेपछि स्थानीय पीडित भएका छन् । जंगली जनावरको कारण पर्साको ठोरी, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिकाका जंगल क्षेत्रका बासिन्दाहरु प्रभावित हुँदै आएको र दिन दहाडै बाघले समेत आक्रमण गर्न थालेपछि जनजीवन प्रभावित भएको ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले बताए ।

# मधेश प्रदेशका छ हजार हेक्टर वनक्षेत्र अतिक्रमित

**मधेशदृष्टि**
**जनकपुरमाम ।**
मधेश प्रदेश सरकारद्वारा प्रस्तुत एक तथ्याङ्कमा प्रदेशका वनक्षेत्रमध्ये पाँच हजार छ सय ९२ हेक्टर भन्दाबढी वन अतिक्रमण भएको जनाइएको छ । वनका कर्मचारी तथा वनसँग सम्बन्धित सुरक्षा निकायको लापरबाही तथा कमिकमजोरीका कारण मधेश प्रदेशमा वन अतिक्रमण बढेको उल्लेख छ । वन कर्मचारीले सुविधा तथा लाभ लिने स्थान मात्र रोज्ने कारण वन अतिक्रमण बढेको जनगुनासोसमेत छ । मधेश प्रदेश वन मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशमा करिब दुई लाख दुई हजार दुई सय हेक्टर जमिन वनजङ्गलले ढाकेको छ, तर संरक्षण नहँदा पाँच हजार छ सय ९२ हेक्टर वनको जमिन अतिक्रमण भएको जनाइएको छ । प्राप्त विवरणमा सप्तरीमा सात दशमलव २५ हेक्टर, सिरहामा नौ सय ९३ दशमलव १४० हेक्टर, धनुषामा आठ सय ७२



हेक्टर, महोतरीमा तीन सय २९ दशमलव ८० हेक्टर, सर्लाहीमा एक सय ६४ दशमलव ७८ हेकटर , रौेतहटमा तीन हजार एक सय ९० दशमलव ५४० हेक्टर, बारामा शून्य दशमवल ३४० हेक्टर तथा पर्सामा एक सय ३४ दशमलव ३२० हेक्टर वन अतिक्रमण भएको मन्त्रालयले जनाएको छ । मधेश प्रदेशको कूल क्षेत्रफलको २२ दशमलव आठ प्रतिशत वनको क्षेत्रफल रहेको छ । कूल वनक्षेत्रमध्ये ७१ हजार तीन सय ६९ हेक्टर वनको क्षेत्र पाँच सय ४ वटा सामुदायिक वनका रुपमा व्यवस्थापन हुँदैआएको छ । ४० लाख नौ सय १२ दशमलव ३३ हेक्टर वन १६ साझेदारी वनका रुपमा व्यवस्थापन भइरहेको छ । नेपालमा पूर्णरुपमा वनक्षेत्र नभएका एक सय पाँच स्थानीय तह छन् । जसमध्ये करिब ८० प्रतिशत मधेश प्रदेशमा रहेको छ । मधेश प्रदेशका एक सय ३६ स्थानीयतहमध्ये ८९ मा वनक्षेत्र छैन । वनक्षेत्र भएका स्थानीयतहमध्ये पनि करिब तीन चौथाइ स्थानीयतहमा शुन्य दशमलव पाँच प्रतिशत भन्दा कम वनक्षेत्र रहेको विवरणमा उल्लेख छ । वन संरक्षण, तथा अतिक्रमणका सम्बन्धमा भए÷ गरेका विभिन्न अध्यय्नमा पहाड, तराई तथा भित्रिमधेशका जिल्लामा विभिन्न राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, संरक्षित वन क्षेत्रका जमिन अतिक्रमण भएको बताइएको छ । नेपाल सरकारद्वारा व्यवस्थापन गरिएको वनमा संरक्षणको काम मात्र गर्ने गरिएको, सरक्षणका नाममा वृक्षरोपण गरिएको भए पनि काठको अवैध वन कटानी, काठ दाउरा चोरी र वन डढेलो र चोरी सिकारी रोक्नेकार्य तर्फ ध्यान नदिएको विश्लेषकको भनाइ छ । वनको सुरक्षाका लागि वन सुरक्षा निकाय भए पनि उनीहरु आफनो कार्यक्षेत्रमा नगएको वनका कर्मचारी बताउँछन् । मधेश प्रदेश वन निर्देशनालयका प्रमुख जगन्नाथप्रसाद जयसवालले वन अतिक्रमण हटाउने कार्य योजनावद्ध रुपमा अगाडि बढेको जानकरी दिए । वन अतिक्रमण हटाउने सम्बन्धमा जिल्लामा सूचना जारीसमेत गरिएको बताउँदै यसमा राजनीतिक सहयोग तथा प्रतिबद्धताको खाँचो रहेको बताए ।

# मधेश विश्वविद्यालय तेस्रो वर्षमा प्रवेश




**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश विश्वविद्यालय दोस्रो वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ । सोमबार वीरगंजमा एक कार्यक्रमका बीच विश्वविद्यालयले आफ्नो दोस्रो वार्षिकोत्सव मनाएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशकी शिक्षा तथा संस्कृती मन्त्री रानी शर्मा तिवारीले प्रदेशका मातहतमा रहेका सबै शैक्षिक संस्थाको स्तरोन्नती गर्ने बताइन् । मधेश विश्वविद्यालयले मधेशका आवश्यक्ताअनुसारको विषयवस्तु अध्यापन गराउने हुँदा प्रदेश सरकारले गौरवको योजनाको रुपमा लिएको मन्त्री तिवारीको भनाइ थियो । आफुले मन्त्री बनेकै दिन मधेश प्रदेशलाई साक्षर बनाउने घोषण गरेको हुँदा उक्त कार्यमा मधेश विश्वविद्यालयले सघाउ पु-याउने उनको विश्वास छ ।

मधेश विश्वविद्यालयको भौतिक पूर्वाधारदेखि अन्य कुरामा प्रदेश सरकारले आवश्यक सहयोग र समन्वय गर्ने पनि उनले आश्वासन दिइन् । साथै आफु पनि महिला भएको हुँदा महिला शिक्षामा जोड दिइएको उनले बताइन् ।

विश्वविद्यालयका उपकूलपति प्राध्यापक डा. दिपक शाक्यले दुई वर्षको छोटो अवधिमै विद्यार्थीसँगै अभिभावकको पनि विश्वास जित्न सफल भएको बताए । मधेश विश्वविद्यालयले आगामी दिनमा नयाँ नयाँ विषयको अध्यापन पनि शुभारम्भ गर्ने तयारी रहेको बताए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै मधेश विश्वविद्यालयका रजिष्ट्रार विजय यादवले विश्वविद्यालयले गरेका काम र प्रगतीका बारेमा पनि प्रकाश पारे ।

उनकाअनुसार अहिले दुई वर्षमा विश्विद्यालयमा दुई वटा संकाय निरन्तर रुपमा सञ्चालन भइरहेका छन् । कानुन (बिएएलएलबी) र जनप्रशासन विषयमा विद्यार्थीहरुको रुची पनि बढेको उनले बताए ।

# मौलापुरमा धेरै विद्युत् चुहावट




**मधेशदृष्टि**
**रौतहट ।**
मधेश प्रदेशका २३ विद्युत् वितरण केन्द्रमध्ये सबैभन्दा धेरै विद्युत् चुहावट रौतहटको मौलापुर वितरण केन्द्रबाट हुने गरेको छ । नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरका अनुसार आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशमा सबैभन्दा धेरै विद्युत् चुहावट हुनेमा मौलापुर वितरण केन्द्र रहेको छ ।

सो केन्द्रबाट ४३ दशमलव ४० प्रतिशतले विद्युत् चुहावट भएको देखिन्छ । प्राधिकरण प्रादेशिक कार्यालय प्रमुख मुनिन्द्र ठाकुरका अनुसार मधेशका अधिकांश वितरण केन्द्रबाट विद्युत् चुहावट उच्च हुने गरेको छ । 'मधेशका गाउँ–गाउँमा विद्युत् चोरी धेरै भएकाले पनि चुहावटको मात्रा पनि धेरै देखिएको हो', उनले भने, 'मधेश प्रदेशका २३ वितरण केन्द्रमध्ये सबैभन्दा धेरै चुहावट मौलापुरमा देखिएको छ', उनले भने, 'यहाँ विशेष गरेर हुकिङ गरेर, मिटरबाट पनि विद्युत् चोरी गर्ने प्रवृत्ति देखिँदै आइरहेको छ । हामीले विद्युत् चोरी गर्नेलाई पक्राउ गरेर आवश्यक जरिवाना गर्दै पनि आइरहेका छौं ।'

मधेश प्रदेशको दोस्रो धेरै विद्युत् चुहावट हुने वितरण केन्द्रमा पर्छ– बाराको सिम्रनगढ वितरण केन्द्र । सो केन्द्रमा पनि ४३ दशमलव २३ प्रतिशत विद्युत् चुहावट भएको छ । यस्तै तेस्रो धेरै विद्युत् चुहावट हुने वितरण केन्द्रमा मलङ्गा वितरण केन्द्र दर्ज भएको छ । सो केन्द्रबाट पनि गत आवभरिमा ४२ दशमलव ९१ प्रतिशतले विद्युत् चुहावट भएको छ ।

प्रदेशमा सबैभन्दा कम विद्युत् चुहावट हुने वितरण केन्द्रमा सिमरा वितरण केन्द्र रहेको छ । सो केन्द्रबाट विद्युत् चुहावट एक दशमलव ४० प्रतिशतमात्र रहेको छ । दोस्रो सबैभन्दा कम चुहावट हुने वितरण केन्द्रमा मिर्चैया वितरण केन्द्र रहेको छ । सो केन्द्रको विद्युत् चुहावट तीन दशमलव ०१ प्रतिशत छ । त्यस्तै तेस्रो कम विद्युत् चुहावट हुने वितरण केन्द्रमा वीरगञ्ज वितरण केन्द्र पर्छ ।

सो केन्द्रको चुहावटको हिस्सा पाँच दशमलव ८८ प्रतिशत छ । मधेश प्रदेश प्रादेशिक कार्यालय प्रमुख ठाकुरका अनुसार गत आवमा प्रदेशमा विद्युत् चुहावटमा संलग्न रहेको भन्दै सात हजार ९७ जनालाई कारबाही गरेको थियो ।

प्राधिकरणले गत आवमा विद्युत् चुहावटमा संलग्न रहेको भन्दै दुई हजार छ सय ५६ जनालाई पक्राउ गरेर आवश्यक कारबाही गरेको थियो । त्यस्तै गत आवमा नै विद्युत् चुहावटमा संलग्न रहेकाबाट छ करोड २० लाख तीन हजार नौ सय ५८ रकम जरिवाना सङ्कलन गरेको थियो ।

# ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको गौशाला नगरपालिका–३ इँटाटार गाउँमा ट्याक्टरको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा नौ वर्षीया जियासिंह महतो रहेकी जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए । तीन साथीसँग साइकलमा जनता आधारभूत विद्यालय इँटाटार जाने क्रममा तीव्र गतिमा आएको ज २ त २० नम्बरको ट्याक्टरले ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको हो । जियासिंह कक्षा ३ मा अध्ययनरत थिइन् । सोही घटनामा परेर अन्य दुई बालिका सामान्य घाइते भएका छन् । घाइते हुनेमा गौशाला–३ इँटाटारका १२ वर्षीय सुरज महतो र ६ वर्षीया हंसिका महतो रहेका छन् । ठक्कर दिएर फरार भएका ट्याक्टर चालक प्रेमचन्द्र महतोलाई गौशालाबाट पक्राउ गरिएको छ ।

# ४६ जनाद्वारा रगतदान

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल सिएमए संघ पर्साले आयोजना गरेको कार्यक्रममा ४६ जनाले रक्तदान गरेका छन् ।

संघको २१ औँ स्थापना दिवसको अवसरमा मंगलबार वीरगंजमा आयोजित रक्तदान कार्यक्रममा ४६ जनाले रक्तदान गरेका हुन् । वीरगंजस्थित नेपाल मेडिकल एशोसियसनको भवनमा आयोजित रक्तदानमा अमरेस यादव, आबिद हुसेन, मुक्ति नारायण साह, राकेश साह लगायतले रगतदान गरेका हुन् ।

रक्तदान कार्यक्रमको उद्घाटन संघका केन्द्रिय अध्यक्ष रामेश्वर प्रसादले पानसमा दिप प्रज्वलन गरेर गरेका थिए । संघका जिल्ला अध्यक्ष जितेन्द्र महतोको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा संघका केन्द्रीय सदस्य रामदयाल महतो, स्वास्थ्य कार्यालय पर्साका प्रमुख मुक्तिनारायण साह, प्रगतीशिल जनस्वास्थ्य महासंघका उपाध्यक्ष सुभाष गुप्ता, लगायतको उपस्थिती रहेको सिएमए संघ पर्साका सहसचिव महम्मद रियाज हुसेनले जानकारी दिए ।

# वडाध्यक्षसहित तीन जना घुससहित पक्राउ



**मधेशदृष्टिजनकपुरधाम । जनकपुरधाम**
उपमहानगरपालिका वडा नम्बर २४ का वडाध्यक्ष र वडा सचिवसहित तीनजना साढे चारलाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगाल र बर्दिबास कार्यालयको संयुक्त टोलिले वडाध्यक्ष ५७ वर्षीय उपेन्द्र सहनी, वडा सचिव ५२ वर्षीय उपेन्द्र साह र ४५ वर्षीय विजय मण्डललाई घुस रकमसहित पक्राउ गरेको हो । उनीहरुलाई मंगलबार दिउँसो वडा कार्यालय परिसरबाटै सेवाग्राहीबाट लिएको घुस रकम ४ लाख ५० हजार रुपैयाँसहित नियन्त्रणमा लिएको अख्तियारका बर्दिबास कार्यालय प्रमुख रामबहादुर कुरुम्वाङले जानकारी दिए ।

वडाअध्यक्ष र वडासचिवले घरबाटो प्रमाणित गर्नका लागि उक्त घुस रकम मागेको भन्ने सूचनाका आधारमा पछ्याएर रकमसहित पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रमुख कुरुम्वाङले बताए ।






सम्पादकीय

# मालपोत कार्यालय कि मोलमोलाइ कार्यालय ?

*जिल्ला मालपोत कार्यालय पर्साको चर्चा यतिखेर देशव्यापीरुपमा भइरहेको छ । मालपोत कार्यालयमा रकमबिना काम नै हुँदैन, जनताको समस्या प्रसारण गर्दा टिभी वीरगंजमाथि भिडियो युट्युबबाट हटाउन दबाब दिएर स्वतन्त्र सञ्चारमाध्यमलाई दुःख दिइयो भन्दै सांसद प्रभु साहले सोमबार संसदमै प्रश्न उठाउनु भएको छ ।*

*सरकारको ध्यानाकर्षण गराउनु भएको छ । मंगलबार मात्तै मालपोत कार्यालय पर्सामा भइरहेको बदमासीबारे नेकपा एमाले पर्साका नेताहरुले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्तालाई भेटेर यसबारे ध्यानाकर्षण गराएका छन् । यसको अर्थ टिभी वीरगंज, रेडियो वीरगंज र मधेशद्दष्टि दैनिकले प्रसारण तथा प्रकाशन गरेका विषयबस्तुमा जनमसमर्थन त थियो नै राजनीतिक दलहरु पनि एकठ्ठा हुँदै गएका छन् । हाम्रो मुद्दा उठानलाई सबै तह र तप्काबाट साथ र समर्थन हुन थालेको छ । यो उठानका विषयमा जिल्ला मालपोत कार्यालय प्रमुख डमरु निरौला र त्यहाँबाट खाइपाइ आएको सेवासुविधा खोसिने डरमा परेकाहरु बाहेक अरु सबै खुशी नै देखिएका छन् । आखिर यो जनताको मुद्दा पनि हो ।*

*मालपोत कार्यालयका फाइलहरुमा सेवाग्राहीको नाम र संकेत लेखिनु पर्नेमा दलालहरुको संकेत नम्बर लेखिएको र मोबाइल नम्बर पनि दलालहरुकै हुने गरेको अर्को खुलासा पनि हामीले गरेका छौँ । मधेशद्दष्टिले मंगलबारको अंकमा यो विषयमा समाचार प्रकाशन गरेको छ । अख्तियार र स्थानीय प्रशासनले कार्यालयका फाइलहरु अध्ययन गर्ने हो भने यसमा थप प्रकाश हुने देखिन्छ । यसले मालपोत कार्यालयमा भइरहका बदमासी अन्त्य गर्न पनि मदत पुग्ने हाम्रो विश्वास छ ।*

*हामीले जनताले अति नै दुःख पाएपछि गरेको स्टिङ अपरेसनले जिम्मेवार पत्नकारिता गर्न अरु उत्साहित गरेकै छ । त्यसमाथि मालपोत कार्यालय पर्साका पुराना कर्मचारीहरु पनि धमाधम अदालतमा डामिएकाले अहिलेका कर्मचारीहरुले राम्रो काम गरुन् र गिरिरहेको मालपोत कार्यालयको साख बढोस् भनेर कामना गरेका हौँ । तर शुरुदेखि नै विवादित चरित्नका कार्यालय प्रमुख आउँदा जनताले राहत पाउने आसा मरेकै थियो । त्यसमाथि संस्थागत रुपमै सेटिङ हुने र दलालमार्फत नै काम हुने अवस्था बनेपछि जनता आजित भएको विषय उठान गर्नु हाम्रो प्रमुख दायित्व नै हो ।*

*मालपोत कार्यालय सुध्रियोस्, राम्रो होस् । जनताको काम बनोस् । कार्यालयका कर्मचारीहरु अब खराब छैनन् भनेर सन्देश जाओस् । हामीले गर्ने कामना यही हो । यो भन्दा फरक कामना छैन । जनताको काम बनोस् भन्दा कोही कसैलाई मन पर्दैन र हामीमाथि भएभरका शक्ति लगाएर लखेट्न खोजिन्छ भने जिम्मेवार पत्नकारिताका लागि हामीले अरु निडर भएर निष्ठाका साथ लागिरहनेछौँ ।*

# कृष्णसित राधाको प्रेमः दैहिक कि अलौकिक ?



सञ्जय साह मित्र

भदौ महिनालाई कतिपय सामाजिक तथा शुभ कार्यका लागि त्यत्ति शुभ महिनाको रुपमा मान्ने गरिएको छैन । मुख्य गरी ग्रामीण समाजमा भदौ महिनामा कुनै नयाँ काम गर्नुहुँदैन भन्ने गरिन्छ । तर यस प्रकारका विभिन्न सामाजिक मान्यतालाई एकातिर राखेर यदि धार्मिक दृष्टिकोणले हेर्ने हो भने भदौ महिनामा पनि विभिन्न धार्मिक यात्राहरु गर्ने गरिएको पाइन्छ । धार्मिक यात्रा गर्दा धेरैको रोजाइमा साउन महिनापछि भदौ नै आउँछ । अनि, धार्मिक दृष्टिकोणले अर्कोतिर हेर्ने हो भने निकै महत्वपूर्ण चाडपर्वहरु यसै महिनामा पर्दछन् । भदौ महिनामा पर्ने चाडपर्वहरुको बारेमा भनिरहनु पर्दैन । भदौको शुक्ल पक्षलाई चाडैचाडको पक्ष पनि भनिन्छ । शुक्ल पक्षको सुरुआत भएकै दिनदेखि पूर्णिमासम्म अनेक चाडपर्व मनाइन्छन् भने भदौ कृष्ण पक्षको अष्टमी तिथिको दिनलाई संसारका करिब सबै हिन्दूहरुले भगवान श्रीकृष्णको जन्मदिवस भव्यतापूर्वक मनाउने गरेका छन् । भगवान श्रीकृष्णको जन्म भएको महिना त यत्तिकै पनि पवित्र महिना हुने भई नै हाल्यो । साथै, भगवान श्रीकृष्णसित जहिले पनि जोडिएर अझ भगवान श्रीकृष्णभन्दा पहिले आउने नाम हो राधा । राधाकृष्ण, राधेकृष्ण भनेर विश्वले भन्ने गरेको छ । भगवान श्रीकृष्णको जन्म भएको भदौ कृष्ण अष्टमी तिथि हो भने यस तिथिलाई कृष्णाष्टमी भन्ने गरिन्छ ।

अनि भदौ महिनाकै शुक्ल पक्षको शुक्ल पक्षको अष्टमी तिथिका दिन राधाको जन्म भएको थियो । राधाको जन्म भएको तिथिलाई राधाष्टमी पनि भन्ने गरिन्छ । भनिन्छ, कृष्णको अर्थ कालो अर्थात अँध्यारो हो भने शुक्लको अर्थ उज्यालो हो । भगवान श्रीकृष्णको जन्म अँध्यारो पक्षमा भएको हो भने राधारानीको जन्म उज्यालो पक्षमा भएको हो । भगवान श्रीकृष्णसँगै जोडिएर आउने आउने नाम राधा हो । हाम्रो समाजमा सीताराम, गौरीशंकर जस्तै राधाकृष्ण भनिन्छ तर सीताराममा सीता र राम तथा गौरीशंकरमा गौरी र शंकरबिच जुन किसिमको नातागत सम्बन्ध रहेको छ, सोही किसिमको नातागत सम्बन्ध राधा र कृष्णबिच रहेको छैन । भगवान श्रीकृष्ण र राधाबिचको जुन प्रेमको प्रसंग आउँछ, त्यो दैहिक हो कि अलौकिक हो ? यो विषय धेरै सर्वसाधारणलाई थाहा नभएको पनि हुन सक्छ ।

भगवान श्रीकृष्णको जीवनको अनेक भाग छन् । उनी बाल्यकालमा जे गरे, त्यसको सम्बन्ध किशोर तथा युवा जीवनसित खासै रहेको पाइँदैन । उनको युवा व्यक्तित्वको खासै सम्बन्ध प्रौढ व्यक्तित्वसित छैन । यी सबै व्यावहारिक कुरा हुन् । आध्यात्मिक दृष्टिकोणले विचार गर्ने हो भने उनको सम्पूर्ण जीवन नै लीलाको भाग हो । उनी आफैँ सर्वेश्वर हुन् । यो पनि भन्ने गरिन्छ कि भगवान श्रीकृष्ण नै यस्ता हुन् जो बारम्बार आफूलाई भगवान हुँ भनेका छन । विष्णुको अन्य अवतारको रुपमा हुँदा यस किसिमको कथन वा भनाइ आएको पाइन्न भनिन्छ । श्रीकृष्णले बाल्यकालमा एकातिर खुब संघर्ष गरेका छन् भने अर्कोतिर खूब मोजमस्ती पनि गरेका छन् । उनी गाई चराउन वनमा जाँदा होओस् चाहे अन्य बाललीला गर्दा होस्, सधैँ साथीहरुको बिचमा रमाउँथे । भनिन्छ, गाई चराउँदाका उनका सबैभन्दा निकटका मित्र वा साथी हुन् राधा र गुरुकुलमा विद्यार्जन गर्दाको अवस्थाका साथी हुन् सुदामा । जहाँ मित्रताको दृष्टान्त आउँछ त्यहाँ कृष्ण र सुदामाको मित्रता नआई छाड्दैन । कृष्ण र सुदामाको मित्रताको उदाहरणबिना मित्रताका सबै उदाहरण अधुरा बन्न पुग्दछन् । ठिक यस्तै जहाँ कुनै कतै देवीदेवतामध्ये जोडीको चित्र वा प्रतिमाको सन्दर्भ आउँछ, त्यहाँ कृष्णसित राधाकै प्रसंग हुन्छ । जसरी भगवान श्रीकृष्ण र सुदामा मित्र थिए त्यसरी नै श्रीकृष्ण र राधा पनि सखा नै थिए । दुवै अभिन्न बालसखा थिए ।

जसरी बालबालिकामा हुन्छ, त्यसरी नै दुवै बालसखामा अनन्त प्रेम थियो । दुवै बालसखा कुनै विशेष परिस्थितिका कारण अलग भए । सबैलाई थाहा छ, श्रीकृष्ण जब मामा कंशलाई मार्न भनी हिंडेका थिए तब राधासित भेट भएको थियो र त्यही भेट नै करिब अन्तिम भेट भएको थियो । राधा र श्रीकृष्णबिच लामो सम्वाद भएको सुनिन्छ । लामो सम्वादपछि बल्ल श्रीकृष्णलाई खुसीसाथ बिदाइ गर्दछिन् राधा । सायद कसैले बुझेका हुँदैनन् कि राधासित अन्तिम भेट हुन पुग्छ यही । हुन त राधा र श्रीकृष्णको जन्मथलो एकै ठाउँमा होइन, दुवै जनाको जन्मथलोको बिचमा धेरै दुरी रहेको छ । यद्यपि दुवै बालसखा हुन् । अत्यन्त निकटका साथी हुन् । दुवै जना कति निकट थिए भने जति निकटको कल्पना गर्न सकिन्छ अर्थात् साँच्चिकै निकट थिएन । अर्थात दुवै जनामा कुनै दुरी बाँकी थिएन । एक आत्मा र दुई शरीरजत्तिकै निकट भइसकेका थिए । एकलाई देखेबिना अर्को जीवित नरहने हो कि भन्नेसम्म निकट थिए । जति नजिक दुनियाँले देख्ने किसिमको थियो, त्यो भन्दा बढी निकट दुवै दुनियाँले देख्न नसकिने किसिमले निकट थिए । यद्यपि श्रीकृष्ण जीवनीको एउटा विशिष्ट यो पनि रहेको देखिन्छ कि जहाँ अति हुन्छ, त्यहाँबाट श्रीकृष्ण च्वाट्टै अलग्ग भइदिन्छन् ।

जब नन्दबाबाको घरबाट निस्के तब त्यसपछि राधा र श्रीकृष्णको भेटघाट लामो समय भएन । कैयौँ युगसम्म पनि भएन । श्रीकृष्ण धेरै कठिन संघर्षहरुमा अल्झे । कंसको बध भएपछि श्रीकृष्णको जीवन राजनैतिक हुन पुग्दछ । राजनीतिमा श्रीकृष्ण यति धेरै अल्झिन्छन् कि राधासित पुनः भेट गर्न आउने अवसर नै हुँदैन । दुई चार वर्ष होइन, करिब असी वर्षसम्म दुवै भेट हुन पाउँदैन । अब कल्पना गरौँ जब कुनै दुई व्यक्तिबिच असी वर्षसम्म भेट हुँदैन भने दुवै जनाको अवस्था कस्तो भएको होला । महाभारत युद्ध समाप्त भइसकेर जब श्रीकृष्ण निकै निराश थिए तब उनलाई कोही भेट्न भनेर आएका हुन्छन् अत्यन्त जीर्ण शरीर लिएर । उनी आँखाले देख्न नसक्ने अवस्था भइसकेको हुन्छ । जब श्रीकृष्णको अगाडि आउँछन् तब केवल उक्त महिलाले आभाष गर्दछिन् कि म श्रीकृष्णको नजिक छु । उनी स्पर्श गर्दछिन् । बाल्यकालको दुवैमा सम्झना हुन्छ । सम्भवतः राधाको भौतिक जीवनको यो अन्तिम क्षण हुन्छ । सम्भवतः यही दर्शनका लागि राधाको भौतिक शरीर बाँचेको हुन्छ । दुवैले वार्धक्यावस्थामा जिन्दगीको सार साटासाट गर्दछन् । जीवनको मूल्यबारे छलफल गर्दछन् । महाभारत युद्धमा श्रीकृष्णले खेलेको भूमिकाभन्दा धेरै बढी आध्यात्मिक जानकारी राधालाई भइसकेको हुन्छ । राधा त श्रीकृष्णलाई सानैदेखि भगवान भनेरै मानेकी हुन्छिन् ।

राधा र श्रीकृष्णको युवावस्थामा भेट भएको होइन । युवावस्थाको प्रेम दुवैको होइन । वृद्धावस्थामा भेट हुँदा पनि दुवैमा उत्तिकै प्रेम देखिन्छ । राधा केवल भगवान श्रीकृष्णमा समर्पणका लागि बाँचेकी थिइन् । यदि राधाको जीवनचरितको अध्ययन गर्ने हो भने राधाले गर्नुपरेको संघर्ष कति विशाल छ । राधाको विवाह पनि भगवान श्रीकृष्णसित भएको थिएन । राधाको विवाह नभएको होइन, उनको विवाह भएको थियो तर उनी केवल भगवान श्रीकृष्णमा आफूलाई समर्पित तुल्याइसकेकी थिइन् । एक त नारी त्यसमाथि परमभक्त, अनि श्रीकृष्णभन्दा निकै टाढा । यस अवस्थामा श्रीकृष्णसम्म राधाको कुरा कसैले पु¥याउन सक्ने पनि देखिँदैन । राधाले पनि आफ्नो जीवनमा जतिसुकै दुःख र कष्ट परे पनि जहाँ श्रीकृष्ण छन् त्यहाँ जाने वा पुग्ने काम गरिनन् । श्रीकृष्णलाई आफ्नो कर्म गर्न दिए । कतै आफूतिर ध्यान खिचिन्छ र श्रीकृष्णको कर्ममा बाधा पर्दछ कि भन्ने लागेको थियो होला । तर जीवन हो । समयको नदी निरन्तर बगिरहन्छ । एक दिन यस्तो लाग्न थाल्छ कि विस्तारै आँखाले कम काम गरिरहेको छ, कानले कम सुनिरहेको छ, कुनै पनि कुराको स्वाद कम भइरहेको छ, दैहिक र भौतिक वस्तुप्रति आकर्षण घटेको छ अर्थात् अब आफ्नो शरीरको औचित्य कम हुन थालेको अनुभूति हुन्छ । अनि जीवनभन्दा यो भौतिक शरीरको परित्याग सहज लाग्न थाल्दछ । यति हुँदा पनि श्रीकृष्णसित भेट नगर्ने ? यही विचार गरेर राधा भेट्न पुग्छिन् श्रीकृष्णलाई । यसलाई यसरी पनि भन्न सकिन्छ, आफ्नो आत्मालाई सन्तुष्ट पार्दै श्रीकृष्णमा बिलीन हुन चाहन्छिन् र जहाँ हुन्छन् श्रीकृष्ण त्यहीँ पुग्दछिन् । सबैलाई थाहा छ, जतिसुकै ठुलो नदी भए पनि अन्ततः विलीन हुने भनेको समुद्रमै हो । समुद्र कहिल्यै विलीन हुन नदीलाई खोज्दैन ।

श्रीकृष्णका अनेक गोपिनी छन्, हजारौँ पत्नी भएको मानिएको छ तर तिनमा चाहिँ राधाको नाम आउँदैन । भगवान् श्रीकृष्णसित दैहिक होइन, आत्मिक प्रेम गर्ने, केवल भक्त र भगवानको जस्तो पवित्र प्रेम भएको पात्र हुन् राधा । राधाको जीवनको चर्चा श्रीकृष्णसँगै सुरु हुन्छ र श्रीकृष्णमै गएर विलीन पनि हुन्छ । राधासित श्रीकृष्णले प्रेम गरेका थिए कि लीला ? यो सामान्य नरले खोज्न सकिने विषय होइन तर भनिन्छ राधाको प्रेम र समर्पण यस कोटिको रहेको थियो कि केवल राधा उच्चारण गर्दा श्रीकृष्ण उच्चारण भइसकेको हुन्छ ।

# हङकङमा नेपाली वस्तु बजारको खोजी



डा.उदय रानामगर

नेपाल र चीन बीचको कूटनीतिक सम्बन्ध १ अगस्त, १९५५ मा स्थापित भएपश्चात् हङकङमा महावाणिज्य दूतावासको स्थापना सन् १२ अप्रिल, १९९७ भई सञ्चालनमा रहेको छ । हङकङ सानो सहर भए तापनि यसको जनसङ्ख्या करिब ७५ लाख रहेको छ । हङकङ सरकारबाट प्रकाशित तथ्याङ्कअनुसार यहा बस्ने नेपाली नागरिकहरू २५ हजारको हाराहारीमा भए तापनि नेपाली मूलका करिब ५० हजार नजिक रहेको अनुमान छ ।

साथै दक्षिण एसियाली मूलका मानिसहरूको सङ्ख्या करिब दुई लाखभन्दा बढी रहेको अनुमान छ । हङकङमा दैनिक दुई लाख पर्यटक हवाई मार्गबाट मात्र आउने गरेको छ । त्यतिकै सङ्ख्यामा सतहमार्गबाट हङकङ प्रवेश गर्दछन् । यो सहर व्यापारिक कारोबारको हिसाबले विश्वको नै आकर्षक केन्द्रका रूपमा रहेको छ । यस्तो सम्भावनाको बीचमा पनि नेपालले हङकङको बजारबाट खासै अवसर लिन सकेको छैन । नेपाली वस्तु उत्पादनको बास्केट नै कमजोर एकातिर छभने अर्कातिर उत्पादित वस्तुको गुणस्तर, ‘प्याकेजिङ’ तथा ‘ब्रान्डिङ’का कारण नेपाली वस्तुले हङकङको बजारमा खासै स्थान पाउन सकेको देखिँदैन ।

नेपालको वैदेशिक व्यापारको इतिहास लामो नै रहेको छ । नेपालको वैदेशिक व्यापारको आकार बढेर आएको भए तापनि निर्यात व्यापार २०६० सालदेखि क्रमशः घट्दै गएका कारण पछिल्लो समयमा निर्यात तथा आयातको अनुपात १:९ पुगेको छ । यसले नेपालको व्यापार घाटा उच्च रहेको देखाउँछ । विश्व बैङ्कका अनुसार नेपालको वैदेशिक व्यापारले सन् २०२३ मा कुल गार्हस्थ्य उत्पादनमा ४१.६४ प्रतिशत योगदान गर्दै आएको उल्लेख छ । नेपालबाट निर्यात हुने प्रमुख सामानहरूमा वनस्पति घ्यू, पश्मिना र तयारी पोसाक रहेका छन् भने प्रमुख आयात गरिने सामानहरूमा पेट्रोलियम, खाद्यान्न र औषधि छन् । नेपालको वैदेशिक व्यापारमा छिमेकी देश भारतसँग करिब ६० प्रतिशत छ भने चीनसँग करिब ३५ प्रतिशत रहेको छ । तर हङकङसँगको व्यापारको अंश भने सानो नै रहेको छ ।

नेपाल सरकारले निर्यात व्यापार बढाउनका लागि आव २०६७÷६८ देखि मूल्य अभिवृद्धिका आधारमा वस्तु निर्यातमा नगद अनुदानको व्यवस्था लागू गरेको छ । यसमा ५० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा पाँच प्रतिशत र ३० प्रतिशत वा सोभन्दा बढी मूल्य अभिवृद्धिमा तीन प्रतिशत अनुदान उपलब्ध गराउने प्रावधान छ । विगत पाँच वर्षमा नगद अनुदानले निर्यातमा १२ प्रतिशत हिस्सा रहेको छ । कुल अनुदान प्राप्त वस्तुको योगदान ५० प्रतिशत पुगेको छ । यो व्यवस्था रहे तापनि नेपालको निर्यात व्यापार बढ्न सकेको छैन । त्यसैगरी, हङकङसँगको निर्यात व्यापार पनि उल्लेखनीय रूपमा वृद्धि हुन सकेको छैन । जसले गर्दा नेपालको हङकङसँगको व्यापार पनि घाटामा रहेको छ ।

नेपाल एकातिर भूपरिवेष्टितताको पीडामा छँदैछ भने पछिल्लो समयमा आएको कोभिड–१९ महामारीको कारण अर्थतन्त्रमा समेत सङ्कुचन ल्याइदिएको छ । नेपाल जस्तो सानो आकार भएको अर्थतन्त्र भएको देशमा यसको प्रभावले बढी सङ्कुचित गराई दिएको छ । यसको कारणले सन् २०२३ मा नेपालको कुल गार्हस्थ्य उत्पादनको आकार ४२ अर्ब अमेरिकी डलरमा मात्र छ । आर्थिक वर्ष २०२३÷२४ मा आर्थिक वृद्धि ३.९ प्रतिशत छ, जहाँ कृषि क्षेत्रको योगदान २४.१ प्रतिशत र गैरकृषि क्षेत्रको ७५.९ प्रतिशत रहेको छ । नेपालको अर्थतन्त्रमा व्यापारको अंश ठूलो रहेको भए तापनि वैदेशिक व्यापार असन्तुलित छ । आव २०२३÷२४ मा कुल वैदेशिक व्यापार एक हजार सात सय २४ अर्ब रहेकामा व्यापार घाटा एक हजार चार सय ४० अर्ब पुगेको छ । यो अङ्क अघिल्लो आवको भन्दा बढी रहेको छ । यद्यपि भटमासको तेल, सिन्थेटिक यार्न र ऊनी गलैँचा जस्ता वस्तुको निर्यातमा सुधार आएको छ भने आयत केही घटेको पनि छ ।

नेपालका प्रमुख निर्यात वस्तुहरूमा अलैँची, रेडिमेड कपडा, जुट, चिया र फलफूलको जुस रहेका छन्, जबकि आयात गरिने वस्तुहरूमा डिजेल, भटमासको कच्चा तेल, मोबाइल, र सुन पर्दछन् । यी वस्तुहरूमध्ये केही हङकङसँग पनि हुने गरेको भए तापनि अझै व्यापारमा ठूलो घाटा देखिएको छ । भन्सार विभागको आर्थिक वर्ष २०७५÷७६ तथ्याङ्कअनुसार हङकङबाट रु चार अर्ब ६९ करोड ६४ लाख ७२ हजारको वस्तु आयात भएकामा नेपालबाट हङकङतर्फ केवल रु ३२ करोड ८८ लाखको वस्तु निर्यात भइ खुद व्यापार घाटा रु चार अर्ब ३६ करोड ७६ लाख रहन गएको थियो । यो तथ्यले पनि हङकङसँगको व्यापार नेपालको पक्षमा नरहेको अवस्थामा देखिन्छ ।

अध्ययनले हङकङमा रहेका नेपाली व्यवसायीले १२ प्रकारका व्यवसाय गर्दै आएको पाइयो । जसमा खुद्रा बिक्री नौ प्रतिशत, ग्रोसरी व्यवसायमा ३१ प्रतिशत, होटल र रेष्टुरेन्ट १६ प्रतिशत र आयात निर्यात गर्ने व्यवसाय नौ प्रतिशत छन् । व्यवसायीहरूमा १४ प्रतिशतले नेपालमा उत्पादित वस्तु बिक्री गर्छन्, जबकि ७१ प्रतिशत नेपाली र विदेशी दुवै प्रकारको वस्तुहरूको व्यापार गर्छन् । ८७ प्रतिशत व्यवसायीले तीन वर्ष वा सोभन्दा बढी समयदेखि नेपाली सामानहरूको व्यवसाय गर्दै आएका छन् । यहाँ ग्रोसरीका वस्तुहरूको माग ३९ प्रतिशत छभने चिया र कफीको माग १७ प्रतिशत र हर्बल वस्तुको १६ प्रतिशत माग रहेको छ । यसको अतिरिक्त हस्तकलाका सामानमा सिङ्गिङ बाउल र बुद्धको मूर्तिको माग राम्रो रहेको छ । जबकि ऊनी र रेडिमेड सामानको बजार भने कमजोर रहेको छ ।

नेपालबाट गरिने निर्यात व्यापारका प्रमुख समस्याका रूपमा २७ प्रतिशतले अपर्याप्त उत्पादन, २२ प्रतिशतले वस्तु प्याकेजिङमा समस्या, १६ प्रतिशतले कमजोर गुणस्तर, १५ प्रतिशतले प्रक्रियागत कठिनाइ र ६ प्रतिशतले अनुदान नभएको भन्ने औँल्याएका छन् । करिब ४९ प्रतिशत उत्तरदाताले नेपालको निर्यात प्रक्रियाप्रति असन्तुष्ट जनाएका छन् । उनीहरूले निर्यात प्रक्रियामा रहेको झन्झटिलो प्रावधानलाई समस्याका रूपमा लिएका छन् । नेपालबाट कोलकत्ता नाका हुँदै हङकङ निर्यात गर्ने व्यापारी करिब ४६ प्रतिशत छन् । ४० प्रतिशत उत्तरदाताहरूले सामान निर्यात गर्दा धेरै डकुमेन्ट आवश्यक हुँदा निर्यात व्यापारमा बाधा पुगेको भन्ने कुरा औँल्याएका छन् । यसले ढुवानी लागत बढाउने र प्रक्रिया झन्झटिलो बनाउने गरेको छ । सतह मार्गबाट गरिने कार्गोको खर्च बढी लाग्ने गरेको छ । यसलाई घटाउनका लागि ४० प्रतिशतले सरकारले अनुदान दिनुपर्ने औँल्याएका छन्भने २३ प्रतिशतले ट्रान्जिट सुविधामा ध्यान दिनुपर्नेमा औँल्याएका छन् । त्यति नै सङ्ख्याका उत्तरदाताले कार्गो प्वाइन्ट घटाउन सुझाएका छन्भने १४ प्रतिशतले निःशुल्क रूपमा सङ्कलन केन्द्रहरू विस्तार गर्नुपर्ने बताएका छन् ।

नेपाली सामानले हङकङमा बजार लिन नसक्नुको प्रमुख कारणहरूमा उच्च ढुवानी लागत देखिन्छ । नेपालबाट हङकङसम्म चारवटा ढुवानी रुटहरू उपलब्ध छन् । यसमा तातोपानी, केरुङ, कलकत्ता तथा हवाई मार्ग पर्दछ । तातोपानी नाकाबाट कार्गो ढुवानी गर्दा १५ देखि १८ दिन लाग्ने गरेको छभने लागत एक सिविएमको रु १० हजार पाँच सय पर्छ । केरुङ नाकाबाट ढुवानी गर्दा करिब लागत रु ११ हजार र २५ देखि ३० दिन लाग्दछ । कोलकत्ता नाकाबाट लागत १६ हजार आठ सय तथा २० देखि २२ दिन लाग्दछ । हवाई मार्गबाट ढुवानी गर्दा लागत प्रतिकेजी रु पाँच सय पर्छ तर एकै दिनमा गन्तव्यमा पुग्दछ । हवाई मार्ग सबैभन्दा छिटो र कम समय लाग्ने भए पनि अन्य रुटहरूको तुलनामा उच्च लागत लाग्दछ । यसरी ढुवानी रुटको विश्लेषण गर्दा तातोपानी नाका लागतको हिसाबले सस्तो देखिए तापनि समयावधि बढी लाग्ने भएकाले कोलकत्ता नाकाको प्रयोग बढी भएको देखिन्छ । लागत तथा समयअवधि नै नेपालको वैदेशिक व्यापारका लागि बाधक पक्ष देखिन्छ ।

नेपालको निर्यात व्यापार बढाउनका लागि ८८ प्रतिशत उत्तरदाताले वस्तुको गुणस्तर, शुद्धता, प्याकेजिङ, र ब्रान्डिङको महत्वलाई औँल्याएका छन् । ३० प्रतिशतले गुणस्तरलाई प्रमुख मान्छन्, जबकि ३५ प्रतिशतले प्याकेजिङ र ब्रान्डिङलाई बढी ध्यान दिनुपर्ने बताएका छन् । २० प्रतिशतले वस्तुको शुद्धतामा सुधारको आवश्यकता औँल्याएका छन्भने १५ प्रतिशतले वस्तुको विविधता गर्नुपर्ने बताएका छन् ।

हङकङमा नेपाली र भारतीय वस्तुहरूको मूल्य तुलना गर्दा, नेपाली वस्तुहरू भारतीय सामानभन्दा औसतमा ४० प्रतिशतसम्म महँगो देखिएका छन् । विशेषगरी, दाल, आलु, प्याज, र चिउरा क्रमशः ७५ प्रतिशत, ५० प्रतिशत, ३३ प्रतिशत र ३७ प्रतिशत महँगा देखिन्छ । कोलकाता हुँदै हङकङ जाने सामग्रीको ढुवानी लागत उच्च भएकाले नेपाली उत्पादनका वस्तुहरूको मूल्य भारतीय वस्तुको मूल्यभन्दा बढी महगो भई प्रतिस्पर्धा गर्न कठिन छ, जसका कारण हङकङमा नेपाली वस्तुको बिक्री परिमाण कमी रहेको छ ।

हङकङ निर्यात व्यापारमा वस्तुको सहज उपलब्ध नहुनु, कमजोर प्याकेजिङ र ब्रान्डिङ, तथा उच्च ढुवानी लागत जस्ता पक्ष नै प्रमुख समस्याका रूपमा रहेको छ । कोलकत्ता नाकाको प्रयोग गरी निर्यात गर्दा कागजपत्रको झन्झट एकातिर छभने अर्कातर्फ ढुवानीमा रहेको उच्च लागतले नेपाली उत्पादनलाई महँगो बनाउँदै आएको छ । यस्तो अवस्थालाई चिर्न र निर्यात बढाउनका लागि मूलतः वस्तुको गुणस्तर, प्याकेजिङमा सुधार गर्न आवश्यक छ, । साथै निर्यात व्यापारमा सरकारले अनुदान दिनाका साथै ट्रान्जिट सुविधामा सुधार गर्नुपर्ने देखिन्छ ।

नेपाल र हङकङबीचको व्यापारको सहजीकरण र निर्यात वृद्धि गर्नका लागि दुई देश बीचमा द्विपक्षीय व्यापार सम्झौता गरी व्यापारमा सहजीकरण गर्नुपर्ने देखिन्छ । नेपाली वस्तुहरूको बजारमा सहज र नियमित उपलब्धता सुनिश्चित गर्नुपर्छ । प्याकेजिङ र ब्रान्डिङमा सुधार गरिनु आवश्यक छ, ताकि नेपाली उत्पादनका वस्तु हङकङमा बढी बिक्री गर्न सकियोस् । हवाई मार्गबाट ढुवानी गर्दा ढुवानी लागतमा सहुलियत दिनुपर्नेछ । यसका साथै कार्गो उडानको सुरुआत गर्नुपर्नेछ । निर्यातयोग्य वस्तुहरूको विविधता बढाउँदै अग्र्यानिक वस्तुहरूको निर्यातमा ध्यान दिनुपर्छ । हङकङमा नेपाली वस्तुलाई प्रतिस्पर्धी कठिन रहेको अवस्थामा कम तौल र बढी मूल्यका नेपाली वस्तुहरू निर्यात गर्न प्रोत्साहन गर्नुपर्छ । यसो गर्न सकिएमा नेपाल र हङकङ बीचको व्यापार बढ्न गई देशको अर्थतन्त्रमा केही हदसम्म भरथेग हुन जानेछ ।
रासस

# उपसभामुखमाथि लागेको आरोपबारे सत्तापक्ष–प्रतिपक्षबीच घोचपेच



**काठमाडौँ ।**
प्रतिनिधिसभाको मङ्गलबारको बैठकमा शून्य समयमा बोल्ने सांसदहरूले उपसभामुख इन्दिरा रानामाथि लागेको आरोपबारे पक्ष र विपक्षमा धारणा राखेका छन् । सत्तापक्ष सांसदहरूले उपसभामुख रानामाथिको आरोपबारे छानबिन हुनुपर्ने र त्यसका लागि मार्ग प्रशस्त गरिनुपर्ने माग राख्दै गर्दा प्रतिपक्ष दलका सांसदहरूले भने सत्तापक्षबाट बल मिच्याइ गरेर उपसभामुखलाई महाअभियोगको तयारी भइरहेको आरोप लगाएका छन् । उपसभामुख रानाले सङ्घीय संसद्को स्वीकृतिबिना अनधिकृत व्यक्तिलाई भिसा सिफारिस गरेको आरोप छ । यसरी भिसा सिफारिस गर्दा पदीय दुरुपयोग भएको आरोप सत्तापक्षका सांसदले लगाएका छन् ।

मङ्गलबारको बैठकमा सांसद शोभा ज्ञवालीले केही व्यक्तिलाई उपसभामुखको सिफारिसमा विदेश पठाउन लागिएको विषयमा विवाद उठेको र त्यो विवाद अझै निराकरण हुन नसकेको बताइन् । यस विषयमा निष्पक्ष छानबिनका लागि उनले माग गरिन् । सांसद हेमराज राई र सराज अममद फारुकीले पनि उपसभामुखमाथि उठेका प्रश्नको निराकरण हुनुपर्ने बताए ।

सांसद हितराज पाण्डेले सरकारले उपसभामुखलाई हटाउने तयारी गर्नु अलोकतान्त्रिक र विधिको शासनमाथिको बल मिच्याइ रहेको बताए । काठमाडौँ उपत्यकाका खोला किनार छेउमा २० मिटरभित्र कुनैपनि संरचना बनाउन नपाउने भनेर अदालतबाट भएको फैसलाले उपत्यकावासीलाई समस्यामा पारेको र उनीहरू आन्दोलिन हुनुपरेको विषय पनि संसद्मा उठेको छ । सांसद शिशिर खनालले बागमती सभ्यता संरक्षणका लागि अदालतबाट भएको आदेश कार्यान्वयन हुन नसकेको विषय उठाए ।

सांसद सन्तोष चालिसेले नदी किनारमा २० मिटरभित्र कुनै पनि संरचना बनाउन नपाइने अदालतको आदेशले उपत्यकाका ८० हजार परिवार विचल्ली हुने अवस्थामा पुगेको विषय उठाए । यस्तै, सांसद सपना राजभण्डारीले काठमाडौँ उपत्यकाका नदी तथा खोला किनारका बासिन्दा आन्दोलित भएको विषय उठाइन् । यो फैसला कार्यान्वयन गर्दा नागरिकको उठिबास हुने अवस्था आएकाले अदालतको फैसला पुनरावलोकनको माग उनले गरिन् । सांसद हितबहादुर तामाङले नदी किनारमा संरचना बनाउन नपाउने भनेर अदालतको फैसलाले उपत्यकाका स्थानीयलाई समस्यामा पारेकाले उक्त फैसला पुनरावलोकनका लागि माग गरे । सांसद ज्ञानु बस्नेत सुवेदीले पनि उपत्यकाका नदी किनारको २० मिटर वरपरका बस्ती हटाइनुपर्ने अदालतको फैसला कार्यान्वयन गर्दा धेरै घरपरिवार समस्यामा पर्ने धारणा राखिन् ।

खेलाडीलाई राज्यले संरक्षण गर्नुपर्ने र उनीहरूको जीविकोपार्जनका लागि सरकारले सहयोग गर्नुपर्ने विषय पनि संसद्मा उठेको छ । सांसद विराजभक्त श्रेष्ठले खेलाडीलाई राज्यले सम्मान गर्नुपर्ने र उनीहरूको सहज जीवनयापनको व्यवस्था राज्यबाट हुनुपर्ने बताए । अर्का सांसद सरस्वती बजिमयले खेलाडीको मनोबल बढाउने र जीविकोर्पानका लागि तलबभत्ता, सेवा सुविधालगायतका विषयमा सरकारको ध्यानाकर्षण गराइन् । सांसद शान्ति विकले खेलाडी देशको प्रतिष्ठासँग जोडिएका हुनाले खेलाडीको जीवनयापनका लागि उचित सेवा सुविधा उपलब्ध गराइनुपर्ने माग गरिन् ।

सांसद बीना लामाले चाडपर्व नजिकिँदै गर्दा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुमा चर्को महँगी, कालोबजारी र कृतिम अभाव सिर्जना भएको विषयबारे संसदमार्फत् सरकारको ध्यानाकर्षण गरिन् । सांसद बीना जैसवालले भोजपुरी भाषालाई राज्यले संरक्षण गरिनुपर्ने माग राखिन् ।

अर्का सांसद शेरबहादुर कुँवरले जनताका दैनिक समस्या संसद्मा उठाउने गरेपनि सरकारले संसद्मा उठेका विषयलाई सम्बोधन गर्न नसकेको बताए । संसद्मा उठेका विषयलाई सुनुवाइ र कार्यान्वयन हुन नसक्नु संसद्प्रतिकै अपमान रहेको उनको भनाइ छ ।

सांसद सरस्वती सुब्बाले दलित, भूमिहीन, सुकुम्बासीका समस्या अझै समाधान हुन नसकेकाले वन ऐन र भूमि ऐन संशोधन तथा अधिकार सम्पन्न भूमि आयोग गठनको माग गरिन् । सांसद डा. स्वर्णिम वाग्लेले लालबन्दी, सिमरा, चपुर क्षेत्रका व्यवसायी समस्यामा परेको विषय उठाए । भारतीय बजारबाट नजिकै रहेका नेपाली बजारको व्यापार घट्दै गएको र भारतीय बजारबाट अवैध सामान भित्रिँदा नेपाली व्यवसायी समस्यामा परेकाले व्यापार सहजीकरणका लागि सरकारसँग आग्रह गरे ।

सांसद शान्ति चौधरीले बुटवल–नारायणघाट सडक निर्माण नहुँदा नागरिकले दुःख भोग्नु परेको विषय संसद्मा उठाइन् । देशभरका विभिन्न सडक आयोजनामा भइरहेको ढिलाइबारे अध्ययन गर्न संसदीय अनुमगन समिति बनाइनुपर्ने उनको माग छ । सांसद सीताकुमारी रानाले पछिल्लो समय करेन्ट लागेर मृत्यु हुनेको सङ्ख्या बढिरहेका कारण विद्युतीय सुरक्षा बढाइनुपर्ने बताइन् । सांसद सीता मिजारले ई–गभर्नेन्सको अवधारणा प्रभावकारी हुन नसकेको विषय उठाइन् । देशभर इन्टरनेट सुविधा पु¥याइनुपर्ने र नागरिकलाई डिजिटल साक्षारता बढाइनुपर्ने विषयमा पनि उनले संसदमार्फत् सरकारको ध्यानाकर्षण गरिन् । सांसद सुमना श्रेष्ठले सहकारी क्षेत्रमा देखिएको समस्या समाधानका लागि अपिल गरिन् । सरकारले पूर्वाग्रहबाट मुक्त भएर जनताका मुद्दा बोक्नुपर्ने धारणा पनि उनले राखिन् ।

सांसद सुशीला थिङले विपद्बाट प्रभावित निजी आवास निर्माणमा ढिलाइ भएको विषय संसद्मा उठाइन् । अर्का सांसद सुशीला श्रिपाली ठकुरीले संविधान संशोधन गर्दा समावेशी, समानुपातिकको मुद्दालाई कमजोर बनाइने हो कि भन्ने शङ्का देखिएको बताइन् ।

सांसद सूर्यप्रसाद ढकालले सरकारले जनताको माग र अपेक्षा पूरा गर्दै जानुपर्ने उल्लेख गर्दै संविधान गतिशील दस्तावेज भएकाले आवश्यकता अनुसार त्यसलाई संशोधन गर्न सकिने बताए । संविधान संशोधन गर्दा बाँके र बर्दिया जिल्लालाई कर्णाली प्रदेशमा समावेश गरिनुपर्ने माग उनले राखे ।

सांसद सूर्यमान तामाङ दोङले वर्षायाममा बाढिपहिरो, डुबानलगायतका समस्यामा समाधानका लागि सरकार गम्भीर हुन नसकेको बताए । सांसद सोबिता गौतमले सरकारको आलोचना गर्नेलाई कारवाही भइरहेको उल्लेख गर्दै सरकारले बहुमतको दम्भले लोकतन्त्रको घाँटी निमोठ्न खोजेको आरोप लगाइन् ।

सांसद सञ्जयकुमार गौतमले जनतामा सरकारप्रति निराशा व्याप्त हुँद ैगएको बताए । बाढिपहिरो पीडितले राहत पाउन नसकेको विषय पनि उनले उठाए । सांसद हर्र्कमाया विश्वकर्माले आन्दोलनरत दलित अधिकारकर्मी खगेन्द्र सुनारका माग सुनुवाइका लागि सरकारसँग आग्रह गरिन् ।

सांसद हरि ढकालले नेपाल धितोपत्र बोर्डको अध्यक्ष लामो समयदेखि रिक्त रहेको विषय संसद्मा उठाए । मितेरी बचत तथा ऋण सहकारीको बचत अपचलन भएको विषयमा छानबिनका लागि पनि उनले माग गरे । सांसद हृदयराम थानीले कर्णाली प्रदेश तालिम केन्द्र स्थानान्तरणको विषय संसद्मा राखे । त्यस्तै, ज्ञानेन्द्रबहादुर कार्कीले मानव–वन्यजन्तुद्वन्द्व बढिरहेको विषयमा संसद्को ध्यानाकर्षण गराए । रासस

# वैज्ञानिकहरूलाई प्रधानमन्त्रीले गरे यस्तो आग्रह !



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले देशको समृद्धिका लागि नवीन अनुसन्धानमा जुट्न वैज्ञानिकहरूलाई आग्रह गरेका छन् ।

प्रधानमन्त्री निवासमा मङ्गलबार आयोजित नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट) को ४७ औँ प्राज्ञसभामा नाष्टका कुलपतिसमेत रहेका प्रधानमन्त्री ओलीले रासायनिक मल र कीटनाशक औषधिको प्रयोगका कारण देशभरको माटो रुग्ण भएकाले यसलाई कसरी उपचार गर्न सकिन्छ भन्नेमा अनुसन्धान गर्न आग्रह गरेका हुन् ।

प्रधानमन्त्रीले सागसब्जी उत्पादनमा विषादीयुक्त कीटाणु कसरी रोक्ने र चाहिने कीटाणु कसरी कायम राख्ने भन्ने विषयमा अनुसन्धान भएमा उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुग्ने बताए । 'आफूलाई जे मन लाग्यो त्यसमा भन्दा पनि देशको आवश्यकता अनुसार अनुसन्धान होस् । कृषि क्षेत्रको अनुसन्धानका लागि कृषि अनुसन्धान परिषद् (नार्क) जस्ता संस्थासँग सहकार्य होस् ।

सुशासन कायम गर्ने कामको नेतृत्व म गर्छु, तपाई वैज्ञानिकबाट नयाँ खोज र अनुसन्धान गरेर मुलुकको परिवर्तनमा योगदान गर्न मेरो आग्रह छ', प्रधानमन्त्री ओलीले भने, 'ज्ञान, विज्ञान र योगको उद्गम भूमि नेपाल विकासका दृष्टिले पछाडि परेको छ । अरुले ढुङ्गा हानेर सिकार गर्दै गरेको अवस्थामा हामीले पशुपालनको युग सुरु गरिसकेका थियौँ । अब 'ग्रिन हाइड्रोजन'को प्रयोग र अन्तरिक्षको 'अर्बिट'मा आफ्नै 'सेटलाइट' राख्नेतर्फ ध्यान दिन सक्नुपर्छ । भूकम्पको पूर्वसूचना प्रणालीलाई स्थापित गरेर जानुपर्छ ।'

प्रधानमन्त्री ओलीले सिद्धान्त र दर्शनका आधारमा नभए पनि प्रयोग र अभ्यासका हिसाबले हाम्रा पुर्खाले सुरु गरेका आयुर्वेद, ध्वनि विज्ञानलगायत क्षेत्रमा गरेका विकासको स्मरण गर्दा आत्मबल वृद्धि हुने बताए ।

सभाले आर्थिक वर्ष २०८१/०८२ का लागि रु ५० करोड ६८ लाख ३९ हजारको बजेटसहितका कार्यक्रम स्वीकृत गरेको छ । सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईलगायत सहभागी सभामा प्रतिष्ठानका उपकुलपति प्रा.डा. दीलिप सुब्बाले विज्ञान, प्रविधि र नवप्रवर्तनलाई सरकारले समृद्धिको आधार मानेकामा त्यसको प्रशंसा गरे । रासस

# राष्ट्रपतिसमक्ष सुरक्षा परिषद्को प्रतिवेदन पेस



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय सुरक्षा परिषद्का पछिल्ला दुई आर्थिक वर्षका वार्षिक प्रतिवेदन पेस गरेका छन् । राष्ट्रपति भवन, शीतल निवासमा आयोजित कार्यक्रममा नेपालको संविधानको धारा २६६ को उपधारा ३ बमोजिम राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीले परिषद्का आर्थिक वर्षका २०७९/८० र २०८०/८१ को वार्षिक प्रतिवेदन पेस गरेका हुन् । प्रधानमन्त्री ओलीले प्रतिवेदनमा समाविष्ट मुख्य विषयबारे प्रकाश पार्दै राष्ट्रिय,क्षेत्रीय,अन्तर्राष्ट्रिय सुरक्षास्थिति र चुनौतीको विश्लेषण प्रतिवेदनमा गरिएको जानकारी दिए ।

उनले प्रतिवेदनमाथि सङ्घीय संसद्बाट प्राप्त हुने सुझावलाई कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

त्यस अवसरमा गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, रक्षामन्त्री मानवीर राई, मुख्यसचिव एकनारायण अर्याल, प्रधानसेनापति अशोकराज सिग्देललगायत उपस्थित थिए । रासस

# राष्ट्रियसभाः भूकम्पपीडितलाई अविलम्ब सहयोग गर्न माग

**काठमाडौँ ।**
राष्ट्रियसभाको मङ्गलबारको बैठकमा सांसदहरूले भूकम्पपीडितलाई अविलम्ब सहयोग गर्न माग गरेका छन् । भूकम्प भएको लामो समय बितिसक्दा पनि उनीहरूले राज्यबाट सहयोग नपाएकामा सांसदहरूले चिन्ता व्यक्त गरे ।

सांसद मायाप्रसाद शर्माले भूकम्प भएको एक वर्ष वितिसक्दा पनि भूकम्पपीडितले राज्यबाट राहत सामग्री नपाएका तथा भूकम्पका कारण जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा स्थान्तरण गर्नुपर्नेमा जोड दिए । सांसद कृष्णबहादुर रोकायले पनि प्राकृतिक विपद्बाट क्षति व्यहोरेकाहरूलाई सहयोग गर्नु राज्यको दायित्व हुने बताए ।

देशमा आत्महत्याका घटना बढेकामा चिन्ता व्यक्त गर्दै सांसद पदमबहादुर परियारले स्थानीय तहमा मनोपरामर्श सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए । सांसद आन्दप्रसाद ढुङ्गानाले लामो समयदेखि कालोपत्र हुन नसकेका सडकपत्र गर्न माग गरे । सांसद घनश्याम रिजालले धुलिखेल सडक लामो समयदेखि बन्न नसक्दा आवतजावतमा असर परेको गुनासो गरे । सांसद रेणु चन्दले सुदूरपश्चिममा चिकित्सा शिक्षा अध्ययनको 'कोटा' बढाउनुपर्नेमा जोड दिए ।

सांसद विष्णुकुमारी सापकोटाले मनसुनजन्य विपद् व्यवस्थापनमा सचेत हुनुपर्नेमा जोड दिइन् । सांसद विष्णुदेवी पुडासैनीले स्वस्थ्य बीमा रकम बढाउनुपर्ने बताइन् । सांसद विष्णुबहादुर विश्वकर्माले विशेष छात्रवृत्ति कार्यक्रममा लक्षित समुदायका लागि कलेजहरूमा कोटा बढाउनुपर्नेमा जोड दिए ।

सांसद कृष्णप्रसाद अधिकारीले राष्ट्रिय निकुञ्जको 'बफर जोन'मा बस्ने समुदायमा मानव– वन्यजन्तुद्वन्द्व बढेकाले त्यसको नियन्त्रणका निम्ति राज्यले योजना बनाएर त्यसलाई कार्यान्वयन गर्नुपर्ने बताए ।

सांसद सावित्री मल्लले भूकम्पपीडितका निम्ति सहयोग गर्ने कार्यविधि समयमा तर्जुमा नहुँदा पीडितलाई समस्या भएको गुनासो गरिन् । रासस


मोबाइलबाटै
मधेशदृष्टि
पढ्नका लागि
स्क्यान गर्नुहोस्

# उपसभामुखलाई सांसद बास्कोटाको यस्तो सुझाव !



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद गोकुलप्रसाद बास्कोटाले उपसभामुखमाथि संसद्मा प्रश्न उठिसकेकाले राजीनामा गरेर मार्गप्रशस्त गर्न सुझाव दिएका छन् ।

प्रतिनिधिसभाको मङ्गलबारको बैठकको विशेष समयमा उनले असम्बन्धित व्यक्तिलाई अमेरिका पठाएको विषयमा सदनमा पटक–पटक प्रश्न उठेकाले उपसभामुखले नैतिकताका आधारमा राजीनामा दिनु उपयुक्त हुने बताए ।

सांसद बास्कोटाले आफूमाथि प्रश्न उठेपछि पदबाट राजीनामा दिएको स्मरण गराउँदै राजनीतिकर्मीमा त्यत्तिको साहस हुनुपर्छ भने । उनले भने, 'राजीनामा गरेर छानबिनमा सहयोग गरेमा के फरक पर्छ ? प्रश्न उठ्नु र जवाफदेहिताको माग गर्नु लोकतन्त्र विरोधी कुरा होइन । व्यक्तिको पदीय दायित्व र आचारणमाथि प्रश्न उठिसकेपछि त्यसलाई गलत प्रमाणित गर्न सक्नुपर्छ, सबैका निम्ति पारदर्शिता अपनाउन राजीनामा दिएर सहयोग गरे उपयुक्त हुन्छ ।'

सांसद बास्कोटाले वर्तमान सरकार 'समृद्ध नेपाल र सुखी नेपालको राष्ट्रिय आकाङ्क्षा' पूरा गर्ने दिशामा अगाडि बढेको भन्दै उनले आत्मनिर्भर अर्थतन्त्र, कृषिको आधुनिकीकरण र औद्योगिकीकरण प्राथमिकतामा रहेको बताए । साथै उनले नीतिगत सुधारका माध्यमबाट निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्नेमा पनि जोड दिए । रासस

# वैदेशिक रोजगारीमा गएका वडाध्यक्ष फर्काउन माग



**फुङ्लिङ ।**
ताप्लेजुङ्को सिरिजङ्गा गाउँपालिकाका–३ का स्थानीयवासीले वैदेशिक रोजगारीमा गएका वडाअध्यक्ष फर्काउन माग गरेका छन् ।

एकवर्षदेखि वडाअध्यक्षविहीन बनेका वडाबासीले वडाध्यक्ष नहुँदा वडाबाट प्रवाह हुने सेवा तथा विकासका गतिविधि प्रभावित भएको गुनासो गरेका छन् ।

वडाध्यक्ष दिलप्रसाद बोखिम विसं २०८० कात्तिक २४ गते वैदेशिक रोजगारीका लागि हङकङ जानुभएको थियो । त्यसपछि कार्यवाहक अध्यक्षमार्फत् वडाका काम गरिए पनि स्थानीयवासीले विकासको गति सुस्त भएको गुनासो गरेका हुन् । वडा अध्यक्षको खोजी गरेर वडा कार्यालयमा कार्य सम्पादन गर्न माग राख्दै गत असोज ५ गते स्थानीयवासीले गाउँपालिका अध्यक्षलाई ज्ञापनपत्र बुझाएका थिए ।

वडाध्यक्षको अनुपस्थितिमा वडाका अन्य जनप्रतिनिधिले समन्वय गरी योजना कार्यान्वयन गर्न कठिनाई भएको उनीहरूको भनाइ छ । गत साता स्थानीयले गाउँपालिका अध्यक्षलाई तत्काल वडाध्यक्षलाई फर्काउन वा काम गर्न नसक्ने अवस्थामा राजीनामा दिन माग राख्दै पुनः ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा भनिएको छ, 'जनताको प्रतिनिधित्व गर्ने आधारमा संविधान कार्यान्वयन गर्ने व्यक्ति गैरजिम्मेवार हुँदा कसरी विकास हुन्छ ? वडामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधीविहीन अवस्था कस्तो हुन्छ ?' उनीहरूले वडाका समस्या तत्काल समाधान नगरे आन्दोलन गर्न बाध्य हुने चेतावनीसमेत दिएका छन् । रासस

# अर्थ समितिको प्रतिवेदनसहित बैंकिङ कसुर विधेयक प्रतिनिधिसभामा पेस

**काठमाडौँ ।**
प्रतिनिधिसभाको मङ्गलबारको बैठकमा अर्थ समितिका सभापति सन्तोष चालिसेले 'बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१' पेस गरेका छन् ।
यो विधेयकलाई अर्थ समितिको सोमबारको बैठकले संशोधनसहित पारित गरेको थियो । चेक अनादर (चेक बाउन्स) सम्बन्धी मुद्दामा १५ लाख रुपैयाँसम्मको बिगो भए एक महिना कैद,१५ लाख रुपैयाँदेखि ५० लाख रुपैयाँसम्मको बिगो भए एक महिनादेखि तीन महिनासम्म कैद, ५० लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्म बिगो भएमा तीन महिनादेखि एक वर्षसम्म कैद, एक करोड रुपैयाँदेखि १० करोड रुपैयाँसम्मको बिगो भए दुई वर्षसम्म कैद र १० करोड रुपैयाँ भन्दा माथिको बिगो भएमा दुई वर्षदेखि चार वर्षसम्म कैद सजाय हुने व्यवस्था राखिएको छ ।
त्यस्तै चेकअनादरसम्बन्धी मुद्दा सरकारवादी हुने व्यवस्था पनि विधेयकमा राखिएको छ ।
गतवर्ष साउन २३ गतेको मन्त्रिपरिषद् बैठकले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० को मस्यौदा स्वीकृत गरेको थियो भने तत्कालिन अर्थमन्त्री अर्थमन्त्री डा.प्रकाशशरण महतले २०८० असोज १६ गते यो विधेयक संसदमा दर्ता गराएका थिए ।
चेक अनादरसम्बन्धी मुद्दामा फरक–फरक खालको कानूनी उपचारको अवस्था देखिएकाले यसलाई एकरुप बनाउनुपर्ने बेहोराको सर्वोच्च अदालतको आदेश र महान्यायाधिवक्ताको कार्यालयको अध्ययनबाटसमेत बैंकिङ कसुर तथा सजाय ऐनलाई संशोधन गर्नुपर्ने सुझावका आधारमा सरकारले यो विधेयक तयार पारेको थियो । विधेयकमाथि २० वटा संशोधन प्रस्ताव परेका थिए ।
कुनै व्यक्तिले आफ्नो खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने व्यवस्था विधेयकमा राखिएको छ । 'कसैले पनि आफ्नो बैंक खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीका लागि पर्याप्त छैन भन्ने जानाजान कसैलाई चेक जारी गरी दिन वा बैंकसँग त्यस्तो चेकको भुक्तानी माग गर्नुहुँदैन', विधेयकमा भनिएको छ ।
चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात नदेखिएमा त्यस्तो चेक बैंक तथा वित्तीय संस्थाले धारकलाई नै फिर्ता दिनुपर्नेछ । यदि चेक साट्न चाहने व्यक्तिले त्यस्तो चेक अनादर भएको प्रमाणित गराउन चाहेमा बैंकले बढीमा ३० दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई सूचना दिई सोको अभिलेख राख्नुपर्ने व्यवस्था विधेयकमा राखिएको छ ।
त्यसरी सूचना दिएको जानकारी खुलाई बैंकले चेक फिर्ता गर्नुपर्नेछ । तीस दिनसम्ममा पनि खातामा पैसा उपलब्ध नभएमा चेक अनादर भएको प्रमाणित गर्नेसम्बन्धी प्रक्रिया अघि बढ्ने विधेयकमा उल्लेख छ । रासस

# अन्तर्राष्ट्रिय वित्त निगमले लगानी विस्तार गर्ने



**काठमाडौँ ।**
अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) ले नेपालमा लगानी विस्तार गर्ने भएको छ । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग मङ्गलबार अर्थ मन्त्रालयमा भएको भेटमा आइएफसीका दक्षिण एसिया निर्देशक इमाद फाखौरीले आइएफसी नेपालमा लगानी विस्तार गर्न तयार रहेको जानकारी दिएको अर्थमन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।
आइएफसीले गत वर्ष नेपालमा एक सय मिलियन अमेरिकी डलर लगानी गरेको थियो । क्षेत्रीय निर्देशक फाखौरीले हरित ऊर्जा, रोगजारी वृद्धि र आर्थिक सहभागिता आइएफसीको प्राथमिकता भएको उलेख गर्दै नेपालमा लगानी फराकिलो पार्न आफू प्रतिबद्ध रहेको बताए ।
अर्थमन्त्रीको निजी सचिवालयका अनुसार देशको अर्थतन्त्र सुधारका लागि थप लगानी आवश्यक भएको बताउँदै अर्थमन्त्री पौडेलले देशको प्राथमिकता र आवश्यकतालाई ध्यान दिएर लगानी विस्तार गर्न आग्रह गरेका थिए । रासस

# चीनले आर्चरी, उसु र कुस्तीमा नेपाललाई सहयोग गर्ने

**काठमाडौँ ।**
नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलमा सहयोग गर्न चीनको युनानस्थित स्पोर्ट इन्स्टिच्युट अफ युनान विश्वविद्यालय, ट्रेडिसनल आर्चरी एशोसिएसन युनान र कुन्मिङ जेन्जी आर्चरी क्लबले प्रतिबद्धता व्यक्त गरेका छन् ।
नेपाल उसु महासङ्घ, मार्सल आर्ट अर्गनाइजेसन अफ नेपाल र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिसँग चीनको युनानमा भएको भेटमा युनान विश्वविद्यालयका प्रमुख तथा पदाधिकारीहरूले यस्तो प्रतिबद्धता जनाएको राष्ट्रिय खेलकुद परिषद्का सदस्य तथा नेपाल कुस्ती सङ्घका अध्यक्ष प्रकाशकुमार कुसारीले जानकारी दिए ।
छलफलमा नेपाल उसु महासङ्घका उपाध्यक्ष अभिषेकविक्रम शाह र उपमहासचिव तथा वरिष्ठ प्रशिक्षक राजीव महर्जन पनि सहभागी थिए ।
छलफल पश्चात् नेपालमा परम्परागत आर्चरी,उसु र कुस्ती खेलको विकासमा सहयोग गर्नेसम्बन्धी दुई पक्षबीच समझदारी पत्रमा हस्ताक्षर पनि भएको छ । समझदारीपत्रमा उसु महासङ्घका तर्फबाट उपाध्यक्ष शाह र ट्रेडिसनल आर्चरी एशोसिएसन युनान शाखाका अध्यक्ष कोङ उइझाङले हस्ताक्षर गरेका छन् ।
एघारबुँदे समझदारीपत्रमा प्रशिक्षकहरूको आदानप्रदान गर्ने, नेपाली खेलाडीहरूलाई प्रशिक्षणका लागि विश्वविद्यालय र एशोसिएसनले अवसर दिने, वर्षमा न्यूनतम एक कार्यक्रम संयुक्त रूपमा गर्ने, नयाँ खेलाडी उत्पादनका लागि आवश्यक सहयोग गर्ने, परम्परागत आर्चरी र उसु तथा कुस्ती खेलको विकासका लागि सांस्कृतिक आदानप्रदान तथा सामाजिक जागरण गर्ने, प्रतियोगिताहरूमा सहभागिता गराउने तथा खेल जागरण अभियान समेत सञ्चालन गर्ने सहमति भएको छ ।
यो समझदारीले खेलसँगै सांस्कृतिक पर्यटनमा सहयोग पुग्ने उपाध्यक्ष शाहले बताए । छलफलमा राखेप सदस्य कुसारीले चीनले नेपालको खेलसँगै खेल पूर्वाधारको क्षेत्रमा निरन्तर सहयोग पु¥याउँदै आएकामा धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रहने अपेक्षा गर्नुभएको सङ्घले जनाएको छ ।
उपाध्यक्ष शाहले विद्यालय तहदेखि नै आर्चरी तथा उसु खेल सिकाउन सकिए एसियाली र दक्षिण एसियाली खेलकुदमा नेपालले राम्रो नतिजा ल्याउन सक्ने बताएका थिए ।
ट्रेडिसनल आर्चरी एशोसिएसनका अध्यक्ष कोङ, वाङ जोङपिन, वाङ फान समेतले नेपाल असल छिमेकी राष्ट्र भएको स्मरण गर्दै दुईपक्षीय सहयोग आदानप्रदानले जनस्तरमा झनै सम्बन्ध सुदृढ हुने बताए । रासस

# पुँजीबजारमा गिरावट जारी कारोबार सात अर्बमा खुम्चियो




**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार पाँच कारोबार दिनदेखि घटिरहेको छ । मङ्गलबार नेप्से परिसूचक १३ दशमलव ०९ अङ्कले घटेर दुई हजार छ सय ३२ दशमलव ९४ को विन्दुमा कायम भएको छ । मङ्गलबार तीन सय २८ कम्पनीको एक करोड ९० लाख ७७ हजार पाँच सय ८३ कित्ता शेयर ९३ हजार चार सय ५९ पटक खरिदबिक्री हुँदा सात अर्ब २४ करोड ५५ लाख ६८ हजार चार सय २१ रुपैयाँ बराबरको कारोबार भएको छ । मङ्गलबारको कारोबार रकम पछिल्लो करिब दुई महिनायताकै न्यून हो । मङ्गलबारको कारोबारमा 'सेन्सेटिभ इन्डेक्स' एक दशमलव ८० र 'फ्लोट इन्डेक्स' शून्य दशमलव ९१ अङ्कले घटेको छ ।
मङ्गलबार व्यापार समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ११, विकास बैङ्क शून्य दशमलव ६९, वित्त शून्य दशमलव ९९, जलविद्युत् शून्य दशमलव ७१, लगानी शून्य दशमलव ५३ र जीवन बीमा समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ६८, लघुवित्त शून्य दशमलव ९१, निर्जीवन बीमा शून्य दशमलव ४० र अन्य समूह शून्य दशमलव ४४ प्रतिशतले घटेको छ ।
मङ्गलबारको कारोबारमा मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक 'सर्किट' लागेको छ । सबैभन्दा धेरे घट्नेमा भने सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्किम–३ को शेयर मूल्य आठ दशमलव ८२ प्रतिशतले घटेको छ ।कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा मङ्गलबार सबैभन्दा धेरै हाइड्रो इलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर रु २९ करोड ८१ लाख ५४ हजार बराबरको १६ लाख ६४ हजार ८५ कित्ता किनबेच भएको छ । रासस

# जापानिज येनको भाउ घट्यो, यस्तो रह्यो अरुको विनिमय दर !

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विदेशी मुद्राको विनिमय दरमा सोमबारको तुलनामा मङ्गलबार जापानिज येनको भाउ घटेको छ । सोमबार जापानिज येन १० को खरिददर ९ रुपैयाँ ४२ पैसा र बिक्रीदर ९ रुपैयाँ ४६ पैसा रहेकामा मङ्गलबार खरिददर ९ रुपैयाँ ३२ र बिक्रीदर ९ रुपैयाँ ३६ पैसामा कारोबार भयो । यस्तै, अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ०४ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६४ पैसा, युरोपियन यूरो एकको खरिददर १४७ रुपैयाँ ९६ पैसा र बिक्रीदर १४८ रुपैयाँ ६२ पैसा र युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १७५ रुपैयाँ ३६ पैसा र बिक्रीदर १७६ रुपैयाँ १४ पैसामा कारोबार भयो । स्वीस फ्रयाङ्क एकको खरिददर १५७ रुपैयाँ ८७ पैसा र बिक्रीदर १५८ रुपैयाँ ५८ पैसा, अस्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ २२ पैसा र बिक्रीदर ८९ रुपैयाँ ६२ पैसामा कारोबार भएको थियो । क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ८५ पैसा र बिक्रीदर ९९ रुपैयाँ २९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ५४ र बिक्रीदर १०३ रुपैयाँ ०० पैसामा कारोबार भएको थियो ।
यस्तै, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८३ पैसा र बिक्रीदर १८ रुपैयाँ ९२ पैसामा कारोबार भयो भने साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८७ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९४ पैसामा कारोबार भयो । राष्ट्र बैङ्कका अनुसार थाई भाट एकको खरिददर ३ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३ रुपैयाँ ९६ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसामा कारोबार भएको थियो ।
यस्तै, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ६६ पैसा र बिक्रीदर ३० रुपैयाँ ८० पैसा, साउथ कोरियन वन एक सयको खरिददर ९ रुपैयाँ ९५ पैसा र बिक्रीदर ९ रुपैयाँ ९९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९२ पैसा र बिक्रीदर १२ रुपैयाँ ९८ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ८३ पैसा र बिक्रीदर १९ रुपैयाँ ९२ पैसामा कारोबार भएको हो ।
हङकङ डलर एकको खरिददर १७ रुपैयाँ १९ पैसा र बिक्रीदर १७ रुपैयाँ २७ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ ७३ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ६९ पैसामा कारोबार भएको थियो भने बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ६१ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ २० पैसामा कारोबार भयो ।
राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ । रासस

# प्यालेस्टिनी कैदीको अवस्था बिग्रँदै गएकोमा राष्ट्रसङ्घको चिन्ता

**न्यूयोर्क ।**
गत अक्टोबरमा गाजामा इजरायली आक्रमण सुरु भएदेखि इजरायली हिरासतमा रहेका प्यालेस्टिनी नागरिकहरुको अवस्थामा नाजुक बन्दै गएको ◌ वर्णन गर्दै द्वन्द्वमा यौन हिंसा सम्बन्धी राष्ट्रसङ्घकी महासचिव तथा विशेष प्रतिनिधि प्रमीला प्याटनले ओएचसीएचआरसहित राष्ट्रसङ्घले हालै प्रकाशित प्रतिवेदन प्रति गहिरो चिन्ता व्यक्त गरेकी छिन् ।
राष्ट्रसङ्घका विशेष प्रतिनिधिले जेलमा भएका हिंसा,अमानवीय र अपमानजनक व्यवहारका गथिविधिहरु औल्याउँदै यस्ता कार्यले मानव अधिकार तथा अन्तराष्ट्रिय कानूनको उल्लङ्घन भएकाले यस क्षेत्रमा शान्ति र स्थिरताका लागि गरिएका प्रयासहरू पनि कमजोर भएको जनाएका छन् । उनले सम्बन्धित निकायलाई छिट्टै समस्या समाधान गरी पीडितहरूलाई आवश्यक चिकित्सा र मनोवैज्ञानिक सहयोगको व्यवस्था गर्न आह्वान गरे ।
प्याटनले अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड अनुसार नजरबन्दको अवस्थामा अन्तर्राष्ट्रिय मापदण्ड कडाइका साथ लागू गर्न जोड दिदै इजरायली अधिकारीलाई कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा सान्दर्भिक अन्तर्राष्ट्रिय निकायको निर्बाध पहुँच प्रदान गर्न आग्रह गरिन् ।
उनले पद तथा सम्बद्धताको अवस्था जस्तोसुकै भएपनि न्यायको सिद्धान्त अनुसार व्याप्त असान्दर्भिक क्रियाकलापहरु नियन्त्रण गर्न सक्षम संयुक्त राष्ट्रसङ्घीय निकायद्वारा स्वतन्त्र र गहन अनुसन्धानको लागि आह्वान गरेकी छिन् । रासस

# इजरायली हमलामा ४० जनाको मृत्यु

**गाजा ।**
प्यालेस्टिनी क्षेत्रको दक्षिणमा रहेको मानवीय क्षेत्रमा मङ्लबार भएको इजरायली हमलामा ४० जनाको मृत्यु हुनुका साथै ६० जना घाइते भएको गाजाको नागरिक सुरक्षा विभागले जनाएको छ । इजरायली सेनाले उक्त क्षेत्रको हमास कमाण्ड सेन्टरलाई लक्षित गरी आक्रमण गरेको जनाएको छ ।
गाजाको दक्षिणी सहर खान युनिसको अल–मवासीमा आक्रमण पछि दशौं हजार विस्थापित प्यालेस्टिनीले त्यहाँ शरण लिएका थिए ।
यद्यपि, इजरायली सेनाले यस क्षेत्र वरपर अपरेसन जारी गरेको छ । जुलाईमा हमासका सैन्य प्रमुख मोहम्मद देइफसहित ९० जनाभन्दा बढी मानिस मारिएको गाजाका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । गाजाका नागरिक सुरक्षा अधिकारी मोहम्मद अल–मुघाइरले आक्रमणमा मृत्यु भएका तथा घाइते भएकालाई नजिकैको अस्पतालमा लगिएको बताए ।
खान युनूसमा विस्थापितको शिविरलाई लक्षित गरी आक्रमण गर्दा बेपत्ता भएका १५ व्यक्तिहरूको उद्धारका लागि



विभागका कर्मचारीहरू निरन्तर खटिरहेको मुगैरले उल्लेख गरे ।
नागरिक रक्षाका प्रवक्ता महमुद बासलले शिविरमा शरण लिइरहेका मानिसलाई आक्रमणको चेतावनी नदिएको उल्लेख गर्दै आवश्यक सामग्रीको अभावले उद्धार कार्यमा बाधा पुगेको बताएका छन् । उनका अनुसार आक्रमणका कारण २०–४० भन्दा बढी शिविरहरु पूर्ण रूपमा क्षतिग्रस्त भएका छन ।
इजरायली सेनाले विज्ञप्ति मार्फत खान युनिसको मानवीय क्षेत्रबाट सैन्य कारवाही गरिरहेका हमासलाई प्रहार गरेको जनाएको हो । गाजामा लडाकु समूहले तोकिएको मानवतावादी क्षेत्रसहित नागरिक र मानवीय पूर्वाधारको व्यापक दुरुपयोग गरेको जनाइएको छ । हमासले विज्ञप्ति मार्फत आफ्ना लडाकुहरू आक्रमण स्थलमा उपस्थित नभएको दाबी गरेको छ । युद्धको क्रममा, इजरायलले हमासलाई बारम्बार सर्वसाधारणको नरसंहार गरेको आरोप लगाएको छ भने हमासले आरोपको अस्वीकार गरेको छ ।
गाजा आक्रमणमा हालसम्म कम्तिमा ४० हजार ९८८ जनाको ज्यान गएको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जनाएको छ । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयले मृतक मध्ये अधिकांश महिला तथा बालबालिका रहेको र अधिकाशं जनसङ्ख्या विस्थापित भएको जनाएको छ ।
अमेरिका, कतार र इजिप्टले इजरायल र हमासबीच युद्धविराम र बन्धक–कैदी आदानप्रदान सम्झौता गर्ने प्रयासमा मध्यस्थता गरिरहेका छन् यद्पेी हाल वार्ता रोकिएको छ । रासस
वस्थामा अन्तर्राष्ट्रिय मापदण्ड कडाइका साथ लागू गर्न जोड दिदै इजरायली अधिकारीलाई कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा सान्दर्भिक अन्तर्राष्ट्रिय निकायको निर्बाध पहुँच प्रदान गर्न आग्रह गरिन् ।
उनले पद तथा सम्बद्धताको अवस्था जस्तोसुकै भएपनि न्यायको सिद्धान्त अनुसार व्याप्त असान्दर्भिक क्रियाकलापहरु नियन्त्रण गर्न सक्षम संयुक्त राष्ट्रसङ्घीय निकायद्वारा स्वतन्त्र र गहन अनुसन्धानको लागि आह्वान गरेकी छिन् । रासस

# वीरगंजमा सयथान किताब किनिदिन्छु भन्ने पनि भेटिएनन्



डा. महावीर पुन
अध्यक्ष, राष्ट्रिय आविस्कार केन्द्र

उमेरले सातदशक लागे पनि युवा जोश जाँगर उत्साह र उमंग बोकेका डा. महावीर पुन वीरगंज कृषि औजार कारखाना सञ्चालन गर्ने अभियानमा छन् । कृषि औजार कारखाना सञ्चालन गर्ने उद्देश्यले २०८० असोज २८ मा सार्वजनिक भएको उनको पुस्तक 'महावीर पुन– सम्झना, सपना र अविरल यात्रा' पुस्तक पुस्तक बिक्री गर्दै मेची महाकाली महाअभियान निस्किएका छन् । उनी यो साता कारखाना रहेकै स्थान वीरगंज आइपुगेका छन् । चीन र भारतबाट जे जति मात्रामा अहिले कृषि औजार आयात भइरहेको छ, त्यसको १० प्रतिशत औजार स्वदेशमै उत्पादन गर्न सके पनि ठूलो उपलब्धी हुने भन्दै उनी बन्द कारखाना चलाउन होमिएका हुन । नेपालमा इन्नरनेटको पिताका रुपमा चिनिन्छन् । नेपालको प्रवेशद्वार वीरगंजमा निरन्तर पुस्तक आत्मकथा बिक्री गरिरहेका छन् । आत्मकथा वेचेर संकलन भएको रकमले वीरगंज चिनी कारखाना सञ्चालन गर्ने लक्ष्य छ । ३० वर्षदेखि मरेको वीरगंजको कृषि औजार कारखाना ब्युँताउन कम्पनी सञ्चालनमा ल्याउने उनको लक्ष्य छ । केन्द्र सञ्चालनका लागि कम्तीमा २० करोड रुपैयाँ लाग्ने र हालसम्म करिब १० करोड रकम पुस्तक बेचेरै संकलन भइसकेको उनी बताउँछन् । पुस्तकमा उनले बाल्यकालमा भेडा चराएको अवस्थादेखि राष्ट्रिय आविष्कार केन्द्र सञ्चालनसम्म आइपुग्दा भएका ठूला–ठूला मोड र जीवन भोगाइहरु समेटिएको छ । ३०६ पृष्ठ रहेको पुस्तकको मूल्य ७ सय ५० रुपैयाँ तोकिएको छ । यद्यपि  पुस्तक खरिद गरी सहयोग गर्नेमा वीरगंजका उद्यमी, व्यवसायी र जनप्रतिनिधिले चासो नदेखाएको पुन गुनासो पोख्छन् ।



**० कुनै समय ६४ भन्दा बढी सरकारी मातहतका संस्थानहरु थिए । आधा भन्दा बढी उद्योग कलकारखानाहरु बन्द भए । कसरी लिनुहुन्छ ?**

नेपालीलाई कलकारखाना चलाउने बुद्धि नै आएन । सरकार आफैँले लगानी गरेर जन्माएको अर्थात कलकारखाना खोलेको भए कलकारखानाको माया लाग्दथ्यो होला । जति उद्योग कलकारखानाहरु बन्द भए । ती नेपाल सरकारले बनाएको होइन । मेरा लागि केही चिज अरुले बनाइदियो वा सित्तैमा पाएको खण्डमा त्यो चिजको भ्यालु अलि कम हुन्छ । सरकारका लागि पनि यी उद्योग तथा कलकारखानहरु भ्यालुलेश भए । त्यस्को वास्ता भएन । विदेशीहरुले नेपालीलाई माया गरेर बनाइदिएका हुन् चिनी मिल, कपडा उद्योग, कागज कारखानाहरु । विदेशीहरुले नेपाली अरुको निर्भर हुनु नपरोस्, नेपालमै रोजगारी श्रृजना होस्, यहाँको अर्थतन्त्रमा टेवा पुगोस् भनेर यी कलकारखाना खोलिदिए । तर, यी उद्योग तथा कलकारखाना सञ्चालन गर्न सरकारको ढङ्ग पुगेन । कलकारखाना तथा उद्योगधन्दा चलाउने भनेको एउटा प्राविधिक र अर्को व्यवस्थापनले हो । व्यवस्थापनले नै हेर्ने हो इञ्जिनियरिङ पाटो तर यी उद्योगहरुमा सरकारले राइटम्यान राइटप्लेस होइन कि नियरेष्ट र डियरेष्ट खोज्यो । ती उद्योगहरु आफ्ना मान्छे भर्तीकेन्द्र बन्यो । आफ्ना मान्छे भर्ती गरे पनि ती योग्य र दक्ष भएको भए कारखाना चलाउने बुद्धि र विवेक हुँदो हो तर बुद्धि नभएका मान्छेहरु भर्ति गरिएका परिणामतः कारखानाहरु बन्द भए । यसरी बिग्रिएपछि सुधार्ने बुद्धि आउनुपर्ने हो । तर कुबुद्धिका परिणाम कारखाना बन्द मात्र भएन आज खिया लाग्ने स्थितिमा पुग्यो ।

**० सरकारसँग कृषि केन्द्र कारखाना सञ्चालनका लागि तपाईंको सम्झौता भएको थियो तर कार्यान्वयन भएन भन्ने सुनिन्छ, भएको के हो ?**

सरकारसँग भएको सम्झौता अनुसार, कलकारखाना सञ्चालनका लागि राष्ट्रिय आविष्कार केन्द्रले प्राविधिक सहयोग गर्ने, कारखाना मर्मत, चलाइदिने र उत्पादन गर्ने त्यसको मर्मत, स्तरोन्नतिका लागि केही आवश्यक पर्ने रकम सरकारले दिने भन्ने सहमति वा सम्झौता भएको हो । सम्झौतामा लेखिएको बिषय यही हो । तर सम्झौताअनुसार काम गरेन सरकारले, बदमासी गऱ्यो ।

**० सम्झौतामा लेखिएको बिषय वा बुँदा कार्यान्वयनबाट सरकार पछि हट्नुको कारण के होला ?**

यसमा अर्थ मन्त्रालयका कर्मचारीहरुको बदमासी गरेका छन् । उनीहरुले सम्झौता कार्यान्वयन गर्न चाहेनन् । अगाडि बढाउन खोजेनन् । हिजो सम्झौता गर्दा नभएको कानूनी झमेला निकालेर अड्चन थापे । उपाय बढाएनन् । सम्झौतामा नभएको कुरा कानूनको अड्चन थाप्ने काम गरे, अर्थका कर्मचारीहरुले । सम्झौताअनुसार हामीले मर्मत गर्यौं । झण्डै २५ जना प्राविधिक जनशक्तिले ११ महिना लगाएर मर्मतसम्भारका काम गऱ्यो केन्द्रले । राष्ट्रिय आविष्कार केन्द्रले सम्झौताअनुसार आफ्नो काम पूरा गर्दा झण्डै १ करोड रुपैयाँको हाराहारीमा खर्च भएको छ । सम्झौताअनुसार, सरकारले सोधभर्ना दिनुपर्ने थियो तर जब पैसा दिनुपर्ने समय आयो अनि कानूनी अड्चन निकाल्न थाले अर्थका कर्मचारीहरुले । उनीहरुले कानूनअनुसार केन्द्रलाई रकम दिन नमिल्ने भन्दै पैसा दिन मानेनन् । केन्द्रलाई १० प्रतिशत ब्याजदरमा ऋण दिन सकिने बिषय निकाल्न थाले । शुरुमा किन आर्थिक सहयोग दिने भनेको त ? हिजो सरकारका सहसचिव-सहसचिवहरुले बनाएको होइन ड्राफ्ट ? ड्राफ्ट बनाउँदा कानुनी कुरा नआउने, अहिले पैसा दिने समयमा उनीहरुले कानून देखाएर अड्को थापे । बदमासी गरे । कर्मचारीहरुले बदमासी गरे नै राजनीतिक नेतृत्वले पनि चासो दिएनन ।




**० तपाईं आफ्नो पुस्तक बोकेर हालसम्म विभिन्न ३४ जिल्ला पुगिसक्नुभएको छ । तपाईंको यहाँको डेडिकेसन, लगाव हेरेर वा यो अवस्था हेरेर सरकारी निकायले केही अनुरोध वा आग्रह गरेका छैनन् ?**

कसले गर्दछन र अनुनय विनय वा आग्रह ? कुरा बुझ्नका लागि कृषिमन्त्री, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका टोलीहरु आएका थिए । कारखाना उनीहरुको हो । हामीले प्राविधिक सहयोग गरिरहेका हौँ । सरकारले सम्झौताअनुसार काम नगरे पनि केन्द्र सञ्चालन गर्न २० करोड रुपैयाँको हाराहारीमा लाग्दछ । आफ्नो पुस्तक बेचेरै म २० करोड रुपैयाँ लगानी गर्दछु । एउटा व्यक्तिले  बन्द भएको उद्योग सञ्चालन गर्नका लागि २० करोड रुपैयाँ जिम्मा लिन्छ भने सरकारले पनि उत्तिकै चिन्तित भएर कुनै उपाय लगाउनुपर्दछ । सरकारले त कानूनका एउटा दुईवटा बुँदा हेरेर चलाउन खोजिएको उद्योगलाई पनि सञ्चालन गर्नबाट रोक्न खोज्ने हो र ? २० करोड रुपैयाँ लगानी गर्ने मेरो मेरो प्रतिवद्धता हो । बाँकी पार्ट सरकारको । सरकारले केही गरेन भने २० करोड रुपैयाँ लगानी गरेर जति वर्षमा सकिएला, जसरी सकिएला चलाउँछु । त्यसपछि फेरि अरु केही उपाय निस्किएला नि !

**० यहाँद्वारा लिखित पुस्तक 'महावीर पुन– सम्झना, सपना र अविरल यात्रा' अहिलेसम्म कति बेच्नुभयो ?**

झण्डै ३८ वटा जिल्ला पुगियो । यो अवधिमा १ लाख ३० हजार प्रति 'महावीर पुन– सम्झना, सपना र अविरल यात्रा' पुस्तक बिक्री भएको छ । झण्डै १० करोड रुपैयाँ नजिक रकम उठिसकेको छ । त्यसका खर्च कटाएर ४० प्रतिशत जति उठ्यो । २० करोड रकम जसरी पनि पुग्छ र पुऱ्याउने नै हो ।

**० साता दिनदेखि वीरगंज हुनुहुन्छ । कस्तो छ वीरगंजमा यहाँको आत्मकथाको बिक्री वितरणको अवस्था ?**

अरु स्थानका जनप्रतिनिधिहरुले त्यति चासो देखाएका छैनन् । जम्काभेट हुँदा २–४ प्रति पुस्तक किनिदिन्छन् । बरु नगरपालिका–गाउँपालिकाहरुले किनिरहेका छन् । स्थानीय सरकारका प्रतिनिधिहरुले सक्दो सहयोग गरिरहेको छन् । तर सांसदहरुले खासै चासो देखाएका छैनन् । अहिले म वीरगंजमा छु । यो कारखाना वीरगंजमै छ । दशकौँदेखि बन्द भएको कारखाना सञ्चालन गर्ने मेरो उद्देश्यमा वीरगंजबासीबाट साथ, सहयोग र समर्थन खोजेको हुँ मैले । यो वीरगंजबासीकै कारखाना हो । मैले त संरक्षणमात्र गर्न खोजेको हो । ३४ वटा जिल्ला घुम्दा एक लाख, दुई लाखसम्मका किताब किनेर बाँड्नेहरु भेटिए तर अहिलेसम्म वीरगंजमा पचास वा सय प्रति पुस्तक किनिदिन्छु भन्ने कोही साहु निस्किएका छैनन् ।

**० नेपालले किन अपेक्षाकृत प्रगति गर्न सकेन भन्ने लाग्छ, एउटा अनुसन्धानकर्तालाई ?**

न त नेतृत्व वर्ग, न जनताको दिमागै भएन ।

**० जनताको कसरी ?**

भोट दिने बेलामा जनताको दिमाग पुगेको भए आज नेपालको यो स्थिति हुन्थ्यो र ? एउटा गाउँको मान्छेले पनि राम्रोसँग बुझ्छ कि कुन नेताले वा कसले राम्रो काम गर्दछ र गरिरहेको छ तर सोचेर मत दिएको देखिँदैन । यो सुन्दर मुलुक नेपाललाई अझै सुन्दर बनाउन सबैभन्दा पहिला त अर्थतन्त्र विकास हुनुपर्दछ । त्यसका लागि अनुसन्धान र आविष्कारको संस्कार बसाल्नुपर्दछ । तर हामीकहाँ न त जनता, न सरकारले नै त्यस खालको संस्कारको विकास गर्नसक्यो । पृथ्वीनारायण शाहकालीन इतिहासभन्दा अगाडि होस् वा त्यस पछाडि अनुसन्धान संस्कारको विकासै भएन अहिलेसम्म ।  पनि पहिला पनि त्यो संस्कार बसेन । राणाशासनदेखि अहिलेसम्म पनि त्यो संस्कार बसेन । अनुसन्धान, आविस्कार गरेर त्यसलाई विस्तार गर्ने र व्यवसायीकरण गर्ने र सोको माध्यमबाट रोजगारी श्रृजना गरी अर्थतन्त्रको विकास गर्ने संस्कार बसेन । त्यसको नियति अहिले हामी भोग्दैछौँ । इनोभेसन गर्ने संस्कार बसाएनौँ भने अन्तिममा नेपालै नरहने स्थिति आउँछ ।

**० उद्यमशीलताको विकास कसरी हुनसक्छ ?**

नेपालमा उद्यमशीलताको हावा चल्न थालेको तीन–चार वर्ष भयो । उद्यमशीलताको विकास गर्नका लागि के चाहिन्छ ? कसैलाई उद्यमी र व्यापारी बनाउनका लागि चाहिने पहिलो मन्त्र हो अनुसन्धान र अविष्कार । अनि हामीकहाँ त्यस प्रकारको न संस्कार छ न संस्कृति । कुनै पनि चिज बन्नु अगाडि पहिला रिर्सच हुनुपर्दछ । प्लानिङ, रिसर्च र इनोभेसन सँगसँगै हुने कुरा हुन् । तर हामीकहाँ रिसर्चको स्थिति करिब शून्यको हालतमा छ । अर्थ मन्त्रालयकै एउटा आँकडा अनुसार ९४ प्रतिशत बस्तुहरु आयात हुन्छ । नेपाल यस्तो देश हो, जहाँ गुन्द्रुकदेखि जनै र दाँत कोट्याउने सिन्का समेत आयात हुन्छ । एउटा सिन्का बनाउनका लागि के के अनुसन्धान हुनुपर्दछ ? खै अनुसन्धान आविस्कार गर्ने संस्कार ? मैले आफ्नो आत्मकथामा त्यही कुरामा जोड दिएको छु । सबैलाई अनुसन्धान गर्न आउँदैन तर यही समाजमा प्रतिभाहरु जन्मन्छन्, त्यस्ता प्रतिभालाई फलाउने, फुलाउने, संरक्षण र जोगाउने काम हो, राज्यको हो । तर त्यस्ता प्रतिभाको संरक्षण गर्ने काम मधेशी न पहाडे, कुनै समुदायले गरेन । मुलुक यही तरिकाले जाने हो भने देशको अस्तित्व नै मेटिने चिन्ता छ । उद्यमशीलताको विकास गर्ने भनेका छन् । त्यसका लागि पहिला अनुसन्धान र आविष्कार हुनुपर्दछ भन्ने कुरा बुझेका छैनन् । सोही कारण उद्यमशीलताको विकास हुनसकेको छैन । गतवर्ष उद्योग मन्त्रीले सुनाए, ४ करोड रकम छुट्टाएको रहेछ उद्यमशीलताको विकासका लागि तर कोही मान्छे पनि लिन आएनन् । खर्च हुनका लागि अनुसन्धान गर्ने वातावरण बनाइदिनुपर्दछ । अनुसन्धान नगरी को उद्यमी बन्दछ ? विनोद चौधरी, खेतानहरु त्यसै उद्यमी बनेका हुन र ? उनीहरुले कति रिसर्च गरे होलान् ? उद्यमी बनाउनका लागि एउटा कानून चाहिन्छ । केही अगाडि एउटा कोष खडा गर्न पऱ्यो भनेर धर्नामा बसे । सरकारसँग सम्झौता पनि भयो । तपाईंको माग जायज छ । पूरा गर्ने भनियो । तर ढिलासुस्ती र झुक्याउने काम भइरहेको छ । कार्यान्वयनमा चासो छैन । सरकारीस्तरमा बनेका ६ वटा कानूनलाई हाम्रो टिमले अस्वीकृत गरेको छ । प्रधानमन्त्रीका सल्लाहकारहरुलाई यो कानून सदनमा पेश हुन्छ कि हुँदैन भनेर सोधेँ, हिजै बिहान मात्र । यदि सरकारले कानून निर्माण प्रक्रिया छिटो अगाडि बढाएन भने वीरगंजमा कृषि औजार कारखानाका लागि किताब बेच्न छाडेर फेरि धर्ती बस्छु भनेको छु, प्रधानमन्त्रीका सल्लाहकारहरुलाई ।

# 'पूर्ववर्ती सरकारको गौरवका योजना ध्वस्त बनाइँदै'



मधेशदृष्टि
जनकपुरधाम ।
जनता समाजवादी पार्टी नेपालका प्रवक्ता एवम् प्रदेश सभा सदस्य मनिषकुमार सुमनले पूर्ववर्ती सरकारहरुले ल्याएको गौरवको योजनालाई वर्तमान सरकार पूर्वाग्राही हिसाबले त्यसलाई ध्वस्त बनाउने कार्य गरिरहेको आरोप लगाए ।

मधेश प्रदेश सभाको विशेष समयमा बोल्दै सुमनले विगतका सरकारले सञ्चालन गरेको गौरवका आयोजना मधेश कृषि विश्वविद्यालय, मधेश प्रज्ञा प्रतिष्ठानलगायतलाई वर्तमान सरकारले राजनीतिक पूर्वाग्राही साँध्न ध्वस्त बनाउने कार्य गरेको आरोप लगाए । उनले भने, 'कृषि विश्वविद्यालयमा भएको घटनाको निहुँ बनाएर त्यहाँ पठनपाठनसहित प्रशासनिक कार्यमा रोक लगाए, मधेश प्रज्ञा प्रतिष्ठानलाई शून्य बजेट दिएर राजनीतिक प्रतिरोध साँध्ने कार्य भयो । छानबिन समित संयोजक नीति आयोग उपाध्यक्ष डा. सोहन साहले जनकपुरमा सञ्चालन गरेको कलेजमा विद्यार्थी भर्ना गर्ने र विश्वविद्यालयलाई धवस्त बनाउन र आफ्नो कलेजलाई विद्यार्थी भर्ना गर्न विश्वविद्यालयमा पढाइ हुने विषयकै भर्ना खोल्ने र यसले विश्वविद्यालय ध्वस्त बनाउने खेल हुँदैछ ।'

सुमनले छानबिनका नाममा आज एउटा कागज माग्ने, भोलि अर्को कागज माग्ने कार्य गरेर विश्वश्विद्यालयको भर्ना अभियान रोकेर सोहन साहको कलेजलाई चम्काउने खेलमा प्रदेश सरकार लागेको आरोप लगाए । सुमनले एमबिबिएसको कोटा निर्धारण गरिएको विषयमा 'मैले ल्याएँ, मैले ल्याएँ भनेर तछाडमछाड भइरहेको तर त्यो आफूहरुको नेतृत्वमा रहेको सरकारले गरेको पहलस्वरुप आएको बताए ।

सुमनले पूर्वसरकारले गरेको राम्रा कामको सबैले स्वामित्व बोध गर्नुपर्ने बताउँदै कतिपय राम्रा कामलाई समेत ध्वस्त बनाउने कार्य भइरहेको आरोप लगाए ।

उनले मधेश प्रज्ञा प्रतिष्ठानलाई ध्वस्त बनाउने खेलमा सरकार लागेको आरोप लगाउँदै गुरुदेव कामतको रकम प्रज्ञा प्रतिष्ठानको गल्तीका कारण नभएर तत्कालीन अर्थ सचिवको गल्तीको कारणले नपाएको बताउँदै त्यसको निउँ बनाएर बजेट शून्य पारिएको र सुविधामा पाएको गाडीसमेत फिर्ता मागिरहेको बताउँदै सरकार यस किसिमको गलत कार्यमा लागेको आरोप लगाए ।

सुमनले एकजना दुषित व्यक्तिका नाममा बनेको छानबिन समितिका नाममा शैक्षिक गतिविधि ध्वस्त बनाउन नहुने बताए ।

# राष्ट्रिय जल सुरक्षा नीति बनाउन माग

वीरेन्द्र रमण
जनकपुरधाम ।
मधेश प्रदेशमा जथाभावी रुपमा निर्माण गरिएका पोखरीमा डुबेरमा सर्वसाधारणको मृत्यु भइरहेकामा प्रदेश सरकारको ध्यानाकर्षणा गराइएको छ । उनीहरुले यसको रोकथामका लागि प्रदेश सरकार गम्भीर बन्नुपर्ने आवश्यकता औँल्याएका छन् । प्रदेश सभाको विशेष समयमा बोल्दै मधेश प्रदेश सभाका सदस्यहरुले हाल माछापालनसहितका नाममा जथाभावी खनिएका पोखरीका कारण समस्या देखिएको औँल्याए ।

प्रदेश सभाको विशेष समयमा बोल्दै प्रदेश सभा सदस्य उपेन्द्र महतोले संघीय सरकारले मधेशमा देखिएको यसप्रकारको घटनाप्रति उदाशीन देखिएकाले मधेश सरकार गम्भीर बन्नुपर्ने बताए । उनले नागरिकको सुरक्षा प्रदेश सरकारको पहिलो जिम्मेवारी भएकाले यसतर्फ प्रदेश सरकारको गम्भीरता खाँचो रहेको औँल्याए । उनले भने, 'यसलाई रोक्न कानून निर्माण गर्नुपर्ने देखिएको छ, प्रदेश सरकारले जल सुरक्षा नीति बनाउनुपर्छ ।'

महतोले सरकारले बाढीपहिरोसहितबाट मृत्यु हुनेको विषयमा नीति बनाए पनि पानीजन्य घटनामा डुबेर मृत्यु हुनेलाई विपतजन्य घटनामा राख्नुपर्नेमा जोड दिए । उनले यसका लागि प्रदेश सरकारले आफ्नो अग्रसरता लिएर नीति बनाउनुपर्नेमा जोड दिए । त्यसैगरी, प्रदेश सभा सदस्य कुवंरकान्त झाले समेत लक्ष्मीनियाँ गाउँपालिकामा तीन बालकको डुबेर मृत्यु भएको घटनाप्रति सरकारको ध्यानाकर्षण गराए । उनले यस खालका घटना रोक्न सरकारले ठोस नीति बनाउनुपर्नेमा जोड दिए । मधेश प्रदेशमा जथाभावीरुपमा निर्माण गरिएका पोखरीका कारण सर्वसाधारणको मृत्यु हुनेक्रम बढेको छ । मधेश प्रहरीले दिएको जानकारी अनुसार चालु आर्थिक वर्षको मात्र एक महिना २२ दिनमा ५० जनाको मृत्यु भएको हो । जस्मा धनुषामा सर्वाधिक १३ जनाको मृत्यु भएकोमा ९ बालबालिका ३ पुरुष र एक महिला छन् । त्यसैगरि महोतरीमा ७, सप्तरीमा ७ र रौतहट तथा सर्लाहीमा ६/६ जनाको डुबेर मृत्यु भएको छ ।

प्रहरीको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा मधेशमा डुबेर १ सय ८५ जनाले ज्यान गुमाएका छन् । जसमा बालबालिका १ सय २४, पुरुष ४७ र महिला १४ जना छन् । सो एक वर्षमा सबै भन्दा बढि सप्तरीमा ३६, धनुषा ३१, रौतहट ३० र सर्लाहीमा २६ जनाको मृत्यु भएको देखिन्छ । सबै जिल्लाहरुको तथ्याङ्क हेर्दा अधिकांश बालबालिकाहरुले ज्यान गुमाएको देखिन्छ । मधेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता सुवास चन्द्र बोहराका अनुसार घटनाहरु समग्रमा हेर्दा मानविय त्रुटी, वर्षातको समयमा पोखरीमा जाने पौडी खेल्ने, माछा मार्ने, अभिभावकको पहुँच र सम्पर्क बिना यस्ता प्रयास गर्ने, स्थानिय तहले विकास निर्माणका क्रममा खाल्डाहरु खन्ने र त्यसमा पानी जमेर जोखिम पनि छ भन्ने कुराको जानकारी अभावमा घटना हुने गरेको छ ।

# पूर्वाधार नभएको स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जस लिन होडबाजी



मधेशदृष्टि
जनकपुरधाम ।
नेकपा एमालेका प्रदेश सभा सदस्य राजेन्द्र प्रसाद चौधरीले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आवश्यक पूर्वाधारसमेत नरहेको अवस्थामा एमबिबिएस कक्षा सञ्चालन हुन थालेपछि त्यसको जस लिने होडबाजी नै चलेको बताए । उनले स्वास्थ्य विज्ञान प्रतिष्ठान सुधारका लागि सरकारले आवश्यक कदम चाल्नुपर्नेमा जोड दिँदै सरकारले आफ्नो दायित्व निर्वाह गर्नुपर्नेमा जोड दिए ।

उनले भने, 'यदि पूर्वाधार नै हुँदैन भने पढाइ भएर पढाइ कस्तो हुने, उत्पादन कस्तो हुने, त्यो सोच्नुपर्ने हो तर यसप्रति चिन्ता छैन, मैले ल्याएँ–मैले ल्याएँ भन्ने होड छ ।' चौधरीले प्रतिष्ठानको स्तरोन्नति हुनपर्नेमा जोड दिँदै स्तरोन्नति भए मात्रै राम्रो पढाइ हुने बताए ।

चौधरीले मुख्यमन्त्री र स्वास्थ्य मन्त्री विभिन्न स्वास्थ्य संस्थामा अनुगमन गरिरहेका छन् र दलित बस्तीसमेत पुगेर उनीहरुको समस्या बुझ्ने गरेको बताउँदै अनुगमनपछि परिवर्तनको अनुभूति हुनुपर्नेमा त्यसमा आफूहरुले कुनै प्रकारले अनुभूति नपाएको बताए । चौधरीले प्रदेश सभामा सदस्यले उठाउने गरेको समस्याको जवाफ सरकारबाट आउनुपर्ने तर सरकारले जवाफ नदिने गरेका कारण यसप्रति सरकारको गम्भीरता खाँचो रहेको बताए ।

चौधरीले आफूले पटकपटक प्रदेश सरकारमातहतमा रहेको विभिन्न निकायमा सरकारी गाडी दुरुपयोग भइरहेको कुरा प्रदेश सभामा उठाउँदासमेत सरकारले अहिलेसम्म यसलाई रोक्न कुनै प्रकारले पहल नगरेको बताए । उनले मधेश प्रदेशमा विनामापदण्ड खोलिएका स्वास्थ्य संस्थाबाट जनता ठगिने गरिएको बताउँदै यसका लागि समिति नै गठन गरेर अनुगमन हुनुपर्नेमा जोड दिए ।

# नेपाल र सिक्किमबीच पर्यटन प्रवर्द्धन आवश्यक



मिश्रीलाल मधुकर
गंगटोक ।
भारतको सिक्किम राज्यका पर्यटन मन्त्रीले नेपाल र सिक्किमबीच पर्यटन प्रवद्र्धन लागि पहल गर्नु पर्ने बताएका छन् । पर्यटन तथा वाणिज्य उद्योग मन्त्री टी.टी.भुटियाले आफ्नो मन्त्रालयमा नेपाली प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै नेपाल छुट्टा राष्ट्र भए पनि दुवै देशको भाषा, भेषभूषा, रीतिरिवाज, भौगोलिक अवस्था समान रहेको बताए । दुवै देशमा बौद्ध गुम्बा र हिन्दू देवीदेवताका मन्दिर रहेको, झरना, पहाड रहेको भन्दै दुई देशबीच पर्यटन प्रवद्र्धनका लागि संयुक्त पहल गर्नुपर्नेमा जोड दिए । उनले सिक्किम र नेपालका प्रतिनिधिमण्डल सिक्किम आएर यहाँको सरसफाई, जैविक खेती र भौगोलिक तथा पर्यटकीय स्थलको अवलोकन गर्नुपर्ने बताए । 'सिक्किम र नेपाल सरकारको भ्रमण गर्नुहोस् र त्यहाँको भौगोलिक र पर्यटकीय स्थलहरू हेर्नुहोस् ।' उनले भने, 'सिक्किम सरकारले आगामी महिनाहरूमा पोखरा नजिकैको कुस्मा गाउँमा होमस्टेको भ्रमण गर्नेछ जुन सिक्किम सरकारको प्रतिनिधिमण्डलले भ्रमण गर्नेछ ।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुरधाम पुगेपछि नेपालमा भारतीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको उनको भनाई थियो ।

भेटघाटमा पुगेका मधेशप्रदेशका पूर्व प्रदेश सभा सदस्य नेत्रविक्रम साहले सिक्किम महोत्सवमा झिझिया नृत्य र मिथिला चित्रकला समावेश गर्न अनुरोध गरे, जसलाई मन्त्रीले सहर्ष स्वीकार गरेका थिए । भेटघाटमा साहसँगै सामाजिक अभियन्ता सुनिता साह क्रान्ति, डा. नवल किशोर साह, सामाजिक कार्यकर्ता कामेश्वर साह, समोद साह, डा अनिशा साह र पत्रकार मिश्रीलाल मधुकरको सहभागिता रहेको छ ।


















मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन